The **Project Team Lead** is responsible to lead DFID funded "Addressing unmet need for Family Planning among excluded and vulnerable women in Nepal" project through outreach and MS Ladies service delivery channel and provide support to the government in building capacity of their service providers. S/he is also responsible for conducting advocacy and research related to the project. The Project Team Lead will be responsible to achieve operational excellency through timely and cost-effective delivery of services.
Minimum Requirement:
Master's Degree in Public Health or relevant discipline with proven experience of developing and implementing different project models, marketing, demand generation strategies and products targeted at different levels. At least six (6) years' experience in planning, delivery and assessment of field level project activities (involving multiple locations). Prior experience of working in DFID projects would be a plus point.

2. Operation Manager – MS ladies, One, Based in Kathmandu
The Operation Manager – MS ladies, is responsible to ensure robust, technically sound, efficient and effective program implementation and systems are in place for high performance in the given competitive environment.
Minimum Requirement:
Bachelor's Degree in Public Health, Social Studies or relevant field with minimum of 5 years' experience in management role.

3. HR Officer – One, Based in Kathmandu
Human Resource (HR) Officer is responsible for supporting the Human Resources functions related to the project. S/he needs to support in designing and executing Human Resources related administrative and management plan.
Minimum Requirement:
Bachelors' degree in management with minimum of 3 years of relevant experience. Professional qualification in HR Management from a recognized institute will be an advantage. Excellent knowledge of Nepalese employment law and other related laws is essential.

4. Finance Officer – One, Based in Kathmandu
The Finance Officer is responsible for managing overall financial activities of the project. Besides ensuring timely financial disbursements, expenses compliances, the position holder is also responsible for preparing complete and accurate financial reports in timely manner.
Minimum Requirement:
Bachelor's Degree in Management with Finance/ Accounting as specialization. Minimum of 3 years of relevant experience preferably in managing finances in development sector.

5. Research Officer - One, Based in Kathmandu
The Research Officer will contribute to develop and deliver Research Monitoring and Evaluation plans for project to support strategic goals; facilitate integration of RME into other departments of the organization; and support in conducting research, monitoring and evaluation activities (both qualitative and quantitative)
Minimum Requirement
Bachelor's degree in Public Health, statistics or relevant field with minimum of 3 years' experience of working in Research and Metrics, ideally within the Reproductive Health sector. Have a good understanding of and exposure to statistical software e.g. SPSS and proficient in Microsoft office program.

6. QTA Officer – One, Based in Kathmandu
The QTA Officer is responsible for a successful implementation and management of quality assurance related activities related to the project. QTA Officer will carry out all quality assurance related activities on time in close coordination with the Quality and Technical Assurance Manager.
Minimum Requirement
Bachelor's degree in Nursing with minimum of 3 years' relevant experience. Preference will be given to CTS, Implant and IUCD trained candidates.

7. Outreach Officer - Two, Based in Kathmandu
The Outreach Officer is responsible for implementation and management of Outreach programs in various districts related to the project. S/he will ensure attainment of project goals and objectives and provide support to develop, implement and expand the Outreach program efficiently and effectively.
Minimum Requirement
Bachelor's degree in management or relevant field with minimum of 3 years' experience of project implementation, monitoring and supervision at district level is preferred.

8. District Officer – Nine, Based in Morang -1, Saptari-1, Mahottari-1, Parsa-1, Makwanpur-1, Nawalparasi-1, Kapilvastu-1, Kavre-1 and Dailekh-1
The District Officer is responsible for implementing the project activities, managing and mentoring the LARC staff activities in the districts. S/he is responsible for coordinating with external stakeholders, monitoring of the project interventions preparing reports as required.
Minimum Requirement
Bachelor's Degree in nursing with minimum of 3 years of relevant experience. Prior experience of health project management and working in family planning services would be a plus point.

9. MS Ladies Supervisor – Five, Based in Taplejung -1, Ramechhap-1, Jajarkot-1, Kalikot -1 and Achham -1
The MS Ladies Supervisor is responsible for mentoring the MS Ladies in the districts. S/he is responsible for coordinating with health facilities for project implementation and monitoring of the MS Ladies activities interventions.
Minimum Requirement
Intermediate in nursing with minimum of 2 years of relevant experience. Prior experience of working in family planning services along with coaching and mentoring is preferred.

10. Project Administrator - One, Based in Kathmandu
The Project Administrator is responsible for a providing administrative support to the project to ensure successful implementation and management of MS ladies program of SPN in Nepal.
Minimum Requirement
Minimum of Intermediate level in Management or relevant discipline is required. At least 2 years of experience in working directly in client care administrative activities.

11. MS Ladies – Fifteen, Based in Taplejung-3, Ramechhap-3, Jajarkot-3, Kalikot -3 and Achham-3
The MS Ladies are responsible to deliver the Sexual and Reproductive Health (SRH) services in remote districts of Nepal. She ensures the attainment of the project goals and objectives and provide quality Family Planning (FP) services to clients. MS Ladies will offer all five modern family planning methods (STM and LARC). MS Ladies will carry out quality FP services as per the MSI/ SPN guidelines.
Minimum Requirement
Auxiliary Nurse Midwife with registered in Nepal Nursing Council with minimum of 2 years of related work experience especially in remote districts of Nepal. Prior experience of working in family planning services along with providing door to door services would be a plus point.

12. Warehouse Assistant – One, Based Kathmandu
The Warehouse Assistant is responsible for warehouse management and stock management of all outreach and MS ladies channel related to the project.
Minimum Requirement
Minimum of Intermediate level in relevant discipline and with minimum of two years of work experience in warehouse and stock management.

For detail Job descriptions for above positions, please visit **http://www.mariestopes.org.np/en/about-us/vacancy**
Suitable candidates meeting the above criteria are requested to send their CV and covering letter to ***MSNPRecruitment@mariestopes.org.np*** *by* ***April 3, 2018, Tuesday 5:00 PM.***
Only shortlisted candidates will be invited for further selection process.
SPN reserves all rights to qualify/disqualify applications in any case. SPN accepts applications from Nepalese citizens only and encourage women, natives of the respective districts, people of ethnic minorities and Dalits to apply.



महिनादिनदेखि ज्वरोले थलिएकी कालिकोट, रास्कोट ६ बड्डालाकी ५६ वर्षीया लक्ष्मा चँदरालाई उपचारका लागि सदरमुकाम मान्म लगिँदै । सडक नबन्दा दुर्गम भेगका बिरामीलाई अझै पनि बोकेरै अस्पताल पुऱ्याउनुपर्ने बाध्यता छ । *तस्बिर : तुलाराम पाण्डे*

महिलाको हत्या आशंका

चिताबाटै शव बरामद

■ शिव पुरी

रौतहट- हत्या आशंकामा प्रहरीले मंगलबार जलाउन ठिक्क पारिएको शव चिताबाटै बरामद गरेको छ । घटनामा संलग्न आरोपमा चार जना पक्राउ गरिएका छन् ।

कटहरिया नगरपालिका ५ की राजकुमारी देवीको उनकै पति विजय साह सोनारले हत्या गरेको प्रहरी दाबी छ । साहका दुई भाइ र भान्जा मिलेर मंगलबार बिहान लालबकैया घाटमा हतारहतार शव जलाउन लाग्दा इलाका प्रहरी कटहरियाको टोलीले नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार घरायसी विवादमा विजयले सोमबार राति राजकुमारीमाथि कुटपिट गरेको र त्यही बेला उनको मृत्यु भएको अनुसन्धानमा खुलेको छ । घटना लुकाउन हतारहतार शव जलाउन लागिएको सूचना पाएपछि प्रहरी नायब निरीक्षक अशोक सिंहको टोली तत्काल घाट पुगेको थियो । शव जलाएर प्रमाण नष्ट गर्न आरोपीले लगेको पेट्रोल, चिनी, चिउरासमेत बरामद भएको छ । महिलाको घाँटी थिचेर हत्या गरिएको हुन सक्ने प्रहरी अनुमान छ । शव जलाउन ७ पुरुष र बालकसमेत गएका थिए । प्रहरी पुग्नासाथ उनीहरूमध्ये केही भागेका थिए । घटनामा संलग्न सबैको खोजी तीव्र पारिएको छ ।

'राजकुमारीको कुटपिटबाट मृत्यु भएको खबर आयो,' इलाका प्रहरी गरुडाका प्रहरी निरीक्षक गोविन्द थापाले भने, 'त्यसपछि जलाउन लगिसकेको शव खोसेर ल्याएका हौं । थप अनुसन्धान हुँदैछ ।'

प्रहरीले अनुसन्धानका लागि कटहरिया ५ का भन्दु साह, रामबालक साह, राजदेवी गाउँपालिका ३ का राजकिशोर साह र सुरेश साहलाई नियन्त्रणमा लिएको छ । उनीहरू सबै मृतकका आफन्त हुन् । मुख्य आरोपी विजय भने फरार छन् । उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो । प्रहरीका अनुसार मृतकको घाँटीमा नीलडाम देखिएको छ । शव पोस्टमाटमका लागि जिल्ला अस्पताल गौरमा राखिएको छ ।

मजदुरमाथि गोली प्रहार

कटहरिया नगरपालिका ८ पिप्रापोखरियास्थित नेम ईंटा उद्योगका मजदुर रामआशिष यादवमाथि सोमबार राति अज्ञात समूहले गोली प्रहार गरेको छ । ५१ वर्षीय यादवको ढाडमा गोली लागेको छ ।

गरुडा नगरपालिका ५ महमदपुरका यादव ईंट्टा उद्योगभित्रै साथीसँग सुतिरहेका थिए । राति साढे ११ बजे हतियारधारी समूहले उनीमाथि गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो ।

उद्योगकै एक मजदुरलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको प्रहरीले व्यक्तिगत रिसइबीका कारण गोली हानिएको आशंका गरेको छ । यादवलाई उपचारका लागि वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पताल लगिएको छ ।

खेतमा भेटियो अस्तु

स्नेहा हत्या प्रकरण

कान्तिपुर संवाददाता

धनुषा- पिताबाटै हत्या गरिएकी जनकपुरकी स्नेहा यादवको शव जिल्लामै अन्त्येष्टि गरिएको खुलेको छ । प्रहरीले मंगलबार सहिदनगर नगरपालिका ७ निबुवा टोलनजिक अस्तु बरामद गरेको छ ।

पिता दिलीप यादवकै बयानका आधारमा प्रहरीले शव जलाइएको स्थान फेला पारेको हो । यसअघि उनले बिरामी छोरीलाई उपचारका लागि भारत लैजाँदा बाटोमै मृत्यु भएको र उतै अन्त्येष्टि गरेको बताउँदै आएका थिए । जनकपुर २ वकिल टोलमा डेरा बस्दै आएका दिलीपले छोरीलाई चरम यातना दिँदा फागुन ९ गते उनको मृत्यु भएको थियो । त्यसलगत्तै दिलीपको दम्पती नै घरमा ताल्चा ठोकेर फरार भएको थियो ।

घटनाको सातादिनपछि प्रहरीले दिलीपलाई सिरहाबाट पक्राउ गरेको थियो । धनुषाकै सहिदनगर ७ धबौली घर भएका उनी नेपाल विद्युत् प्राधिकरण जनकपुर शाखाका कर्मचारी हुन् । १९ वर्षीया स्नेहा काठमाडौंको नासा कलेजमा कक्षा १२ मा अध्ययनरत थिइन् । कलेजले स्नेहाको आचरणबारे गुनासो गरेपछि उनले छोरीलाई जनकपुर झिकाएर चरम यातना दिए । छोरीको मृत्यु भएपछि उनले प्रमाण नष्ट गर्न हतारहतार शव जलाएका थिए ।

जनकपुरस्थित डेराबाट शव लैजान प्रयोग गरिएको गाडी, सहयोगी र घटनाको अन्य प्रमाण जुटाएर केरकार गरेपछि दिलीपले अन्त्येष्टि गरेको स्थान बताएका हुन् । बयान अनुसार खोजी गर्दै जाँदा निबुवा टोलको बस्तीभन्दा अलि पर गहुँ खेतमा शव जलाइएको फेला परेको प्रहरीले जनाएको छ । प्रहरी निरीक्षक रामकिशोर साहसहितको टोली निबुवाटोल पुगेको थियो । प्रहरीका अनुसार सिँचाइका लागि बनाएको बाँधनजिक शव जलाएपछि दिलीपले प्रमाण नष्ट गर्न पानीले पुछपाछ पारेका थिए । त्यहाँबाट केही हड्डी बरामद भएको धनुषाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक चक्रबहादुर सिंहले जानकारी दिए ।

बाढीपीडित बस्ती अझै उजाड

चुरेमा एकपछि अर्को डढेलो

■ डिल्लीराम खतिवडा

उदयपुर- सुक्खा मौसम सुरु भएसगै जिल्लाका सामुदायिक वन डढेलोको चपेटामा पर्न थालेका छन् । सातायता मात्र ५ सय हेक्टरभन्दा बढी वन क्षेत्रमा आगो लागिसकेको छ ।

चौदण्डीगढी र त्रियुगा नगरपालिका क्षेत्र बढी जोखिममा छन् ।

चौदण्डीगढी ९ को हरियाली सामुदायिक वन क्षेत्रमा शनिवार लागेको डढेलो २४ घण्टापछि नियन्त्रणमा आएको हडियास्थित प्रहरी चौकीले जनाएको छ ।

चुरे र महाभारत जंगलमा डढेलो लाग्दा सालका रूख र बहुमूल्य जडीबुटी जलेर नष्ट भएका छन् । वन्यजन्तु र चराचुरुंगीको बासस्थान बिथोलिएको छ । जिल्लाका दर्जनौं सामुदायिक वनमा डढेलोको जोखिम छ । यसले गर्दा उपभोक्ता चिन्तित छन् ।

'जंगलमा घाँसदाउरा पाउन छाडेको महिना दिन पुगिसक्यो,' चौदण्डीगढी ६ सिर्वानीकी देवी घिमिरेले भनिन्, 'डढेलोले जंगलमै दाउरा जलाएकाले खाना पकाउन समस्या भएको छ ।' घाँस नपाउँदा गाईबस्तु पाल्नै समस्या भएको पनि उनले बताइन् ।

त्रियुगा, चौदण्डीगढी, कटारी र बेलका गरी चारै नगरपालिकाका सामुदायिक वन डढेलोको जोखिममा छन् । चुरे जंगल क्षेत्रमा डढेलो लाग्दा लाखौं मूल्य पर्ने जडीबुटी, कुरिलो (सतावरी) जलेर नष्ट हुँदै गएको छ । पानीको मुहान सुक्दा वन्यजन्तु र चराचुरुंगी जंगल छाडेर बस्ती छेउछाउ आश्रय लिन पुगेका छन् ।

'जंगली जनावर मानव बस्ती नजिक पुगेपछि तिनको सिकारसमेत बढेको छ,' वन उपभोक्ता मानवहादुर राउतले भने, 'डढेलोका कारण चुरे क्षेत्रमा वन विनाश झनै बढेको छ ।' सामुदायिक वन उपभोक्ता समितिले कडाइ गर्न नसक्दा जंगल जाने गोठाला, बटुवा र सिकारीले जानेरै आगो लगाइदिने गरेको उनले बताए ।



उदयपुरको हात्तीसार सामुदायिक वन क्षेत्रमा उत्पादन भई घाटगद्दी गरिएका काठ । घाटगद्दी गरिएको स्थान जंगल क्षेत्र भएकाले डढेलोको जोखिम बढेको छ । *तस्बिर : डिल्लीराम*

मृग, बँदेल, लोपोन्मुख गौरीगाईलगायत जनावरका बासस्थानमा समेत क्षति

बर्सौंदेखि लाग्ने डढेलोका कारण वन क्षेत्र विनाश हुँदै गएको छ । चोरीतस्करीका कारण उजाड बन्दै गएको चुरे वनमा लाग्ने डढेलोले थप नोक्सानी पुऱ्याएको सामुदायिक वन उपभोक्ता महासंघका अध्यक्ष कुशलबाबु बस्नेतले बताए ।

'सातायता चुरे क्षेत्रका वनमा डढेलो लाग्न सुरु भएको छ,' अध्यक्ष बस्नेतले भने, 'जसले गर्दा जंगली जनावर मृग, बँदेल र लोपोन्मुख गौरीगाई समस्यामा परेका छन् ।' डढेलोले तिनको बासस्थानमा समेत क्षति पुऱ्याएकाले वन्यजन्तु संकटमा परेको उनले बताए ।

त्रियुगा र चौदण्डीगढी नगरपालिकाको चुरे वन क्षेत्रमा लोपोन्मुख गौरीगाई, हरिण, मृग, चित्तल र बँदेलको बासस्थान रहेको वनसम्बद्ध अधिकारी बताउँछन् । यहाँको चुरे क्षेत्रमा यी जंगली जनावरसँगै मूल्यवान् कुरिलो (सतावरी) र जंगली बेसार पाइन्छ । तर अहिले आएर ती जनावर र जडीबुटी लोप हुँदै गएको वन पदाधिकारीहरूले बताए ।

'डढेलोले जैविक विविधतामा समस्या पारेको छ,' सहायक वन अधिकृत लालबाबु यादवले भने, 'गैरकाष्ठ वन पैदावरको विनाश बढ्नुका साथै प्राकृतिक स्रोतसमेत नासिँदै छ ।' डढेलोले वन क्षेत्रमा सामुदायिक वनले घाटगद्दी गरेर राखेका काठ जोखिममा छन् । तिनको व्यवस्थापन गर्न नसक्दा डढेलोको जोखिम रहेको हात्तीसार सामुदायिक वन उपभोक्ता समूहका सचिव गुमानसिंह राईले बताए । 'हात्तीसारको ५ हजारभन्दा बढी क्युबिक फिट काठ आगोको जोखिममा छ,' उनले भने ।

उत्तरी भेकका जंगल सखाप

धादिङ (कास)- जिल्लाको उत्तरी भेकमा रूख कटान तीव्र छ । अवैध रूपमा गठन गरिएका स्थानीय वन समितिले प्रतिस्पर्धामै रूख कटान गरी बेच्न थालेपछि रैथाने जंगल मासिँदै छन् ।

साबिकको तिप्लिङ गाविसमा एउटै सामुदायिक वन दर्ता छैन । लेकाली वनमा रहेका सयौं वर्ष पुराना गोब्रे सल्ला, ठिन्के सल्ला र लालीगुराँस सखाप पारिएका छन् । कतिपयले इलाम, दोलखा, काभ्रेबाट ठूला आरा चलाउने सिकर्मी बोलाई जंगलमै मेसिन जडान गरेका छन् । जंगलमै टहरा हालेर बसिरहेका उनीहरूले समूह-समूहमा रूख काटिरहेको स्थानीय लाक्पा तामाङले बताए । भूकम्पपछिको पुनर्निर्माण चलिरहँदा अवैध व्यापारीले निष्फिक्री रूख काटेर काठ बेचिरहेका छन् । 'सबैतिर अभाव रहेको मौकामा पीडितहरूसँग चर्को मूल्य असुलेर दारकाठ बेचिरहेका छन्,' सरम तामाङले भने, 'अरूलाई भने जंगल पस्नै प्रतिबन्ध लगाएका छन् ।'

रसुवा सिमाना सोमदाङ र गणेश हिमालसम्म फैलिएको क्षेत्रलाई सामुदायिक वनमा परिणत गर्न जिल्ला वन कार्यालयमा निवेदन परेको ३ वर्ष बिते पनि अझै दर्ता हुन सकेको छैन ।

छोटकरी

स्थानीय तह 'खाली गर्न' धम्की

धरान (कास)- नेकपा माओवादी (नेत्रविक्रम चन्द) निकट लिम्बूवान स्वायत्त प्रदेशका नाममा जनप्रतिनिधिहरूलाई धरान उपमहानगरपलिका अन्तर्गतका स्थानीय तह खाली गर्न पत्रमार्फत धम्की दिएका छन् । लिम्बूवान स्वायत्त प्रदेश प्रमुख बताउने मनोज किरातीद्वारा हस्ताक्षरित पत्र धरान ५ का वडाध्यक्ष सन्तोष लिम्बू र धरान १७ का वडाध्यक्ष सूर्यकुमार भट्टराईलाई २ दिनअघि पठाइएको छ ।

जुवा खेल्नेलाई जरिवाना

दोलखा (कास)- जुवातास खेल्ने र मदिरा सेवन गरेको पाइए शैलुङ गाउँपालिका ४ बिर्ताका आमा समूहले जरिवाना गर्ने भएको छ । मागापौवास्थित बिर्ताडाँडामा जुवा खेल्ने र मदिरा सेवन गर्नेहरू बढेपछि आमाहरूले पुरुष वा महिला जोकोहीलाई नगदै जरिवाना गर्ने निर्णय गरेका हुन् । स्वास्थ्य लालिगुराँस आमा समूहको बैठकले जुवा खेल्दै मादक पदार्थ सेवन गरी विकृति फैलाउने काम बढेको निष्कर्ष निकालेको छ । जुवा खेल्ने/खेलाउने र मदिरा सेवन गर्नेबाट नगद ५ हजार रुपैयाँ जरिवाना लिइने आमा समूहकी युनिसा तमाङले जानकारी दिइन् ।

८ कार्यकर्ता पक्राउ

धनकुटा (कास)- प्रहरीले नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय स्तरका नेतासहित ८ जनालाई हिले बजारबाट नियन्त्रणमा लिएको छ । कोसी अञ्चल स्तरीय बैठक बसिरहेको स्थानमा प्रहरीले सोमबार राति घेराउ गर्दै सहभागी सबैलाई नियन्त्रणमा लिएको स्रोतको भनाइ छ । उक्त पार्टीका केन्द्रीय सदस्य तथा मध्य कोसी व्युरो इन्चार्ज किरण राईसहित हिलेस्थित एक होटलमा बैठक चलिरहेको थियो । पक्राउ पर्नेमा राईसहित कोसी व्युरो सदस्य दिप्सन लिम्बू, धनकुटा जिल्ला इन्चार्ज माधव शर्मा, संखुवासभा इन्चार्ज राजकुमार डंगाल, सेक्रेटरी दिव्य बराल, धनकुटा जिल्ला सेक्रेटरी नवराज भट्टराई, तेह्रथुम जिल्ला सेक्रेटरी कमला लिम्बू र साधारण सदस्य फुर्वा तामाङ छन् । केही दिनदेखि जिल्लास्थित विभिन्न स्थानीय तहको कार्यालय खाली गर्न पत्राचार गरेको तथा चन्दा मागेर सर्वसाधारणलाई सास्ती दिएकाले नियन्त्रणमा लिएको प्रहरी नायब उपरीक्षक गौतम मिश्र बताउँछन् । स्रोतका अनुसार यो समूहले पाखिवास नगरपालिका तथा सहिदभूमि गाउँपालिका खाली गर्नुपर्ने व्यहोराको पत्राचार गरेको छ ।

हार्दिक श्रद्धान्जली



जन्म
१९९१ फाल्गुण

स्वर्गारोहण
२०७४ फाल्गुण २५

स्व. राम भक्त श्रेष्ठ

यस संस्थामा कार्यरत वरिष्ठ व्यवस्थापक **श्री बसन्त भक्त श्रेष्ठ**को पुजनिय पिता **स्व. राम भक्त श्रेष्ठ**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौ ।

स्मार्टच्वाईस टेक्नोलोजीज् लि.
परिवार

हार्दिक समवेदना



जन्मः वि.सं. २००२/०१/०५
स्वर्गारोहणः वि.सं. २०७४/११/२५

स्व. चन्द्रीका देवी सिंह

हाम्रा अनन्य मित्र, यस संस्थाका हितैषी श्री **खेलानन्द प्रसाद सिंह**का ममतामयी आमा, संचालक **रजनी सिंह** तथा यस संस्थाका शेयरधनीहरू **रिता देवी सिंह**, **श्वेता सिंह**, **अर्पणा सिंह**की ममतामयी सासूआमा **चन्द्रीका देवी सिंह**को असामयिक स्वर्गारोहण भएको आज **१३** औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी यस **भ्याली कलेज अफ टेक्निकल साइन्स**, सितापाईला परिवारको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दछौं ।

भ्याली कलेज अफ टेक्निकल साइन्स
सितापाईला, परिवार

हार्दिक समवेदना



जन्मः वि.सं. २००२/०१/०५
स्वर्गारोहणः वि.सं. २०७४/११/२५

स्व. चन्द्रीका देवी सिंह

हाम्रा अनन्य मित्र, हितैषी श्री **खेलानन्द प्रसाद सिंह**का ममतामयी आमा, यस संस्थाका शेयरधनी **राजेन्द्र प्रसाद सिंह**की श्रीमती, साथै शेयरधनीहरू **रिता देवी सिंह**, **श्वेता सिंह**, **अर्पणा सिंह**, **रजनी सिंह**की ममतामयी सासू आमा, संचालक समिति सदस्य **प्रिती सिंह**की हजुरआमा **चन्द्रीका देवी सिंह**को असामयिक स्वर्गारोहण भएको आज **१३** औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी यस **कान्तिपुर एकेडेमी अफ हेल्थ साइन्स**, तिनकुने परिवारको तर्फबाट हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर एकेडेमी अफ हेल्थ साइन्स
तिनकुने, परिवार


फेक अकाउन्टले हैरानी

■ **सुनीता साख्रकर्मी**, काठमाडौं

बलिउडका रनवीर कपुर, कंगना रनवत लगायत हलिउडका कतिपय सेलिब्रिटी सामाजिक सञ्जाल चलाउँदैनन् । तर, फेसबुकको सर्च गरियो भने उनीहरूकै नाम र फोटोयुक्त फेक अकाउन्ट टन्नै भेटिन्छन् । सामाजिक सञ्जालमै सक्रिय नेपाली सेलिब्रिटीहरूको पनि थुप्रै नक्कली फेसबुक अकाउन्ट भेटिने गरेको छ । केही दिनअघि 'मिस नेपाल वर्ल्ड २०१७' निकिता चाण्डकले यसबारे इन्स्टाग्राममा पोस्ट नै राखिन् । उनले पोस्टमा आफ्नो नाम प्रयोग गरेर खोलिएको पेजबाट विभिन्न युटचुब भिडियोहरू प्रमोट भएकोमा दुखेसो पोखिन् । 'भर्खरै मेरो नाममा खोलिएको फेसबुक पेज भेट्टाएकी छु, जसमा १५/१६ हजार फलोअर छन्,' उनले लेखेकी छन्, 'यो पेज स्पोन्सर गरिएको छ र यसले विभिन्न युटचुब भिडियोहरू प्रमोट गरिहेको छ । यो पेजलाई रिपोर्ट गर्न सबैलाई आग्रह गर्छु ।'

फेसबुक आफ्नो बौद्धिक सम्पत्ति भएकाले उक्त पेज डाउन गर्न निकिताले पेजमा मेसेज गरेको स्किनसट खिचेरै पोस्ट गरेकी छन् । हुन पनि उनको नाम टाइप गरेर सर्च गर्दा एक दर्जनबढी फेसबुक अकाउन्ट भेटिन्छन् । सत्तरीबढी फेसबुक पेज उनकै नाम र फोटोमा छन् भने केही उनको फ्यानक्लब र अनऑफिसियल पेजहरू भेटिन्छन् भने इन्स्टाग्राममा झन्डै चालीस वटा अकाउन्ट फेला पर्छन् ।

अभिनेत्री श्वेता खड्काले दुई पटक महानगरीय अपराध महाशाखा हनुमानढोकामै पुगेर आफ्नो नाममा रहेको नक्कली अकाउन्ट डिलिट गर्न लगाइसकेकी छन् । तर अहिले पनि उनको नाम सर्च गर्दा पाँच/सातवटा फेसबुक पेज र अकाउन्टहरू भेटिन्छन् । 'मेरो दुइटा मात्रै फेसबुक पेज छन्, एउटा आफ्नो पर्सनल र अर्को मेरो संस्थाको लोगो भएको,' उनले भनिन्, 'अरू सबै फेक हुन् ।' उनले हनुमानढोकामा गएर एक पटक १८ वटा र अर्को पटक दर्जन फेक आईडी डिलिट गर्न लगाएकी थिइन् । ५० हजारभन्दा बढी फलोअर







यस्ता कुरा हेर्दा मलाई नै असजिलो हुन्छ । हाम्रो इमेजमा नराम्रो असर पारिरहेको छ ।

केदार घिमिरे, माग्नेबुढा

भएको अकाउन्टलाई डिलिट गर्न केही थप समय लाग्ने उनको अनुभव छ । यस्तो फेक अकाउन्टको कारणले धेरै समस्या झेल्नुपरेकाले नै डिलिट गर्न लगाएको उनले बताइन् । भनिन्, 'हामीले बोल्दै नबोलेको कुराहरूलाई स्टाटसको रूपमा लेखिदिनुहुन्छ । जसले हाम्रो अकाउन्ट हेर्नुभएको छ, उहाँहरूलाई त्यो हामीले भनेको जस्तो लाग्छ जसले हामीलाई नराम्रो सोच्नुहुन्छ ।'

हास्यकलाकार केदार घिमिरे (माग्नेबूढा) का तीनवटा अफिसियल फेसबुक अकाउन्ट छन् । दुइटा फ्यानहरूका लागि र एउटा केवल परिवारका सदस्यका लागि । तर फेसबुकमा उनको पनि टन्नै फेक अकाउन्टहरू भेटिन्छन् । उनी आफ्नो नाममा भएका फेक अकाउन्टहरू पनि खोजीखोजी बेलाबेलामा त्यसमा आएका स्टाटसहरू पढ्ने गर्छन् । उनले कतिपटक त मेसेज गरेर 'यस्तो नलेखिदिनुहोला' पनि भनेका रहेछन् । 'कसैको फोटो सेयर गऱ्यो भने १० हजारको रिचार्ज पाउनेदेखि सस्ता कुराहरू पोस्ट गरेको उनले भेट्टाएका छन् । 'यस्ता कुरा हेर्दा मलाई नै असजिलो हुन्छ । हाम्रो इमेजमा नराम्रो असर पारिरहेको छ,' उनले भने, 'किनकि फलोअरले माग्नेबूढा भनेर सम्झिएका हुन्छन् । हामीले गलत मेसेज दिइरहेको छौं भन्ने दर्शकमा पर्न जान्छ ।'

फेक अकाउन्टसम्बन्धी उजुरी कसको बढी ?

महानगरीय अपराध अनुसन्धान महाशाखाका प्रवक्ता एसपी नरेन्द्र उप्रेतीले सेलिब्रिटीभन्दा पनि फेक अकाउन्टले समस्या परेको भन्दै सर्वसाधारणको बढी उजुरी पर्ने गरेको बताए । 'फेक फेसबुक अकाउन्टबाटै ठगी गरेको, ज्यान केस, अश्लील फोटो, भिडियो राखेको समस्या सर्वसाधारण नै लिएर आइरहेका छन्,' उनले भने, 'म प्रवक्ता भएर यहाँ आएको ८ महिना भयो, कोही सेलिब्रिटीको उजुरी परेको छैन । बरु सर्वसाधारणहरू थुप्रै आइरहेका छन् ।'

के गर्ने त ?

प्रहरीलाई पनि कुन अकाउन्ट फेक हो भन्ने थाहा नहुने उप्रेतीले बताए । सम्बन्धित व्यक्तिले आफैं आएर महाशाखामा अकाउन्ट फेक हो भनेर उजुरी दिनुपर्ने उनले जनाए । 'पीडितको निवेदन, जाहेरी परेपछि नै हामीले अनुसन्धानको प्रक्रिया थाल्छौं र फेसबुकलाई त्यो अकाउन्ट डिलिट गर्न आग्रह गर्छौं,' उनले भने । फेक अकाउन्ट खोलेर गरेको कसुरअनुसार नै सजाय तय हुने उनले जनाए । कुन अकाउन्ट सही हो भन्ने थाहा पाउन गाह्रो हुने भएकोले कलाकार केदार घिमिरेले आफ्ना फ्यानलाई सुझाव पनि दिए । भने, 'कलाकारहरूले बेलाबेलामा फेसबुक लाइभ गर्छन् । फेक आईडी वालाले गर्न सक्दैन । कुनमा फेसबुक लाइभ आएको छ, त्यही अकाउन्ट फलो गर्नुस् ।' फोटो, स्टाटस् र विभिन्न भिडियो मात्रै पोस्ट गर्नेलाई विश्वास नगर्न उनले सुझाए ।

शैली संक्षेप

पोखरामा राष्ट्रिय नाटक महोत्सव

लेखनाथ (कास)- यसपल्टको राष्ट्रिय नाटक महोत्सव बिहीबारदेखि पोखरामा हुने भएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले आगामी बिहीबारदेखि एक सातासम्म गैह्रापाटनस्थित पोखरा थिएटरमा महोत्सव गर्ने पत्रकार सम्मेलन गर्दै जनाइएको हो ।

थिएटरको गन्धर्व नाटकघरमा विभिन्न स्थानका १० नाटक मञ्चन गरिने छन् । प्रतिष्ठानका नाट्य विभाग प्रमुख रमेशरञ्जन झाले देशभरका रंगकर्मी एकै ठाउँमा भेटघाटको अवसर जुर्ने बताए । महोत्सव संयोजक पुष्कर गुरुङले नाट्य क्षेत्रमा भएका गतिविधिका बारेमा जान्न महोत्सव फलदायी हुने जनाए । विश्व रंगमञ्च दिवसको अवसर पारेर महोत्सवको आयोजना गरिएकोले नाटकका विविध आयाममा छलफल समेत हुने स्थानीय व्यवस्थापक समेत रहेको थिएटरका अध्यक्ष परिवर्तन कार्कीले बताए ।

महोत्सवमा पहिलो र दोस्रो दिन 'थाङ्ला' तथा तेस्रो र चौथो दिन 'एन्टिगोनी' नाटक मञ्चन हुनेछन् । 'भर्जिन कथा', 'नारी शिक्षा', 'जयगान', 'सान्तानीको सन्ते राजा', 'एक चिहान', 'पानीघट्ट', 'चाँदीको घेरा' र 'सखी' लगायतका नाटक देखाइने कार्यक्रम छ । महोत्सव अवधिभर हरेक दिन दिउँसो १ बजे र साँझ ५ बजे नाटक मञ्चन हुने बताइएको छ । आवश्यकता अनुसार प्रदर्शन समय थप्न सकिने आयोजकले जनाएका छन् । महोत्सवमा मञ्चन गरिने नाटक हेर्न विद्यार्थीले एक सय, सर्वसाधारणले तीन सय र पाँच सय रुपैयाँको टिकट काट्नुपर्छ । महोत्सवको समापनपश्चात् समीक्षासमेत गर्दै दर्शक प्रतिक्रिया लिने आयोजकको तयारी छ ।

थिएटर बनाउन कविता वाचन



काठमाडौं (कास)- चितवनका कवि मुकुन्द खलपात्र सोमबार राजधानीको मण्डला थिएटरमा एकल वाचनमा उत्रिए । चितवन-काठमाडौं सेवा समाज र आँबुखैरेनी सेवा समाजले चितवनमा थिएटर निर्माणका उनको एकल कविता वाचन गरेका हुन् । कार्यक्रममा उनले 'नमस्ते सर', 'मिस हिमाल', 'पशुपति कोलाज', 'पोस्टमार्टम पृथ्वी', 'जिन्दगी एक कारोबार', 'जिन्दावाद', 'मूर्दावाद', 'मरुभूमिमा पहाड', 'उम्दा मनस्थितिको हत्या' लगायतका करिब डेढ दर्जन कविता सुनाए ।

प्राज्ञ श्रवण मुकारुङले खलपात्र एक विद्रोही कवि भएको दावी गरे । उनले खलपात्रलाई विश्वप्रसिद्ध अमेरिकी कवि एलिन्स ग्रिन्सवर्गसँग तुलनासमेत गरे । भने, 'अराजक शब्दहरूलाई निर्भयताका साथ प्रयोग गर्दै कविता रचना गर्ने खुबी भएका विद्रोही चेतका कवि हुन् मुकुन्द । उनी समाजका अराजकता र व्यथितिहरूका विरुद्ध कडा तर कलात्मक ढङ्गले प्रहार गर्ने सामर्थ्य राख्छन् ।' युवाकवि असीम हमालले चितवनमा एउटा थिएटर निर्माण गर्ने आफूहरूको सपना रहेको भन्दै त्यसका लागि सबैको सहयोगको खाँचो रहेको बताए ।

'रंगमञ्च भुल्न सक्दिनँ'

■ **रमेशचन्द्र अधिकारी**

धनकुटा- दयाहाङ राई ठूलो पर्दाका व्यस्त अभिनेता मानिन्छन् । भटाभट फिल्म खेलिरहेका छन् उनी । रंगमञ्च हुँदै यहाँसम्म आइपुगेका उनलाई आफू हिँडेको बाटाको माया भने उत्तिकै छ । र, रंगमञ्चले अहिले पाउँदै गरेको दर्शकमायाबाट पनि उनी उत्तिकै हर्षित छन् ।

'हाम्रो नाट्य क्षेत्र पछिल्लो समय व्यावसायिक बन्दै गएको छ,' पूर्वाञ्चल गट टचालेन्टको निर्णायक बन्न हालै धनकुटा आएका 'लुट' अभिनेताले भने, 'यसको विकास र विस्तारका लागि यो राम्रो कुरा हो ।'

उनका अनुसार, फिल्ममा भन्दा नाटकको अभिनय जीवन्त हुन्छ । भने, 'फिल्म निर्देशकमा निर्भर हुने गर्छ । नाटक सबै कलाकारको जीवन्त प्रयासबाट, अभिनयबाट सजिव बन्ने गर्छ ।'

पछिल्लो समय सर्वसाधारणमा नाटक हेर्ने संस्कार विकसित भएको देखेर आफू दंग पर्ने गरेको उनले सुनाए । दर्शकहरूको उपस्थिति यसैगरी बाक्लिँदै गए नाटक क्षेत्र उक्सिन बेर नलाग्ने उनको ठम्याइ छ ।

'काठमाडौं मात्र होइन, विराटनगर, झोराहाट, पोखरा लगायतका स्थानमा नियमित रूपमा नाटक मञ्चन हुने गरेका छन्,' उनले भने, 'थिएटर धमाधम खुल्दै जानुले पनि नाटकको भविष्य उज्ज्वल छ भन्ने देखाउँछ ।'



अभिनेता दयाहाङ राई धनकुटामा । *तस्बिर : रमेशचन्द्र*

'अधिकांश नेपाली फिल्ममा अलमलपन बढी छ । नेपाली फिल्मको फरक शैली निर्माण हुन सकेको छैन ।'

नाटक क्रेज बढ्दै गए पनि यसमा उनले केही जटिलता देखेका रहेछन् । 'फिल्मको स्क्रिप्ट लेखनमा कलम चलाउनेहरू धेरै छन्,' उनले भने, 'नाटक लेखनमा पछिल्लो पुस्ता सेलाएको हो कि जस्तो लागिरहेको छ ।'

फिल्म र नाटक क्षेत्रमा अभिनय गर्न सहज नभएको उनको अनुभव छ । नाटक निर्देशनतिर हात हाल्ने उनमा उत्कट चाहना छ ।

फिल्मका लागि प्रशस्त अफर आउने गरे पनि कथा वस्तुबाट सन्तुष्टि भएर मात्र रोज्ने गर्दा आफूले सफलता पाउँदै गएको उनले बताए । भने, 'तर दर्शकको अपेक्षाअनुसार अझै स्तरीय फिल्म बन्न भने जरुरी छ । अधिकांश नेपाली फिल्ममा अलमलपन बढी छ । नेपाली फिल्मको फरक शैली निर्माण हुन सकेको छैन ।'

'प्रदेश आइडल' मा उत्कृष्ट १०

सुर्खेत (कास)- कर्णाली प्रदेशमा भौगोलिक विकटता, सामाजिक/आर्थिक पछाचौटेपन रहे पनि कला संस्कृतिका हिसाबले धनी मानिन्छ । लोकभाका, लोकसंगीत, देउडा लगायतका मौलिक कला संस्कृतिले भरिपूर्ण यहाँ एउटा सांगीतिक अभियान चलेको छ- 'प्रदेश आइडल' ।

सिङगारो म्युजिक प्रालि सुर्खेतले प्रदेशका १० जिल्लासम्म पुगेर प्रतिभाको पहिचानको थालनी गरेको हो । 'समाजमा लुकेर रहेका प्रतिभाको खोजी हाम्रो अभियान हो,' सिङगारो म्युजिकका कार्यकारी निर्देशक विशाल ढकालले भने, 'प्रदेश सम्वृद्धिको एउटा आधार कला संस्कृतिको उन्नयन पनि हो । एउटा कलाकारको पहिचान बनाउन काठमाडौं पुग्नुपर्दैन भन्ने आइडलको मर्म हो ।' सम्बन्धित जिल्लामै आयोजित गायन अडिसनबाट नवप्रतिभाको छनोट गरिएको थियो । सिङगारो म्युजिकका अध्यक्ष रमेशकुमार सापकोटाका अनुसार जिल्लाबाट छानिएकामध्ये प्रदेश राजधानी वीरेन्द्रनगरमा प्रतिस्पर्धा गराइएको थियो । सावित्रा अधिकारी, महेन्द्र विक, विराज थापामगर, हिक्मत शाही, रवि ओड, सागर हमाल, पेमा सन्दुक लामा, खाँडजी परियार, आशिष बुढा र खगिसरा शाही टप टेनमा छनोट भएका छन् ।



प्रदेश आइडलमा छानिएका उत्कृष्ट १० । *तस्बिर : प्रकाश*

प्रतियोगिताको फाइनल चैत ३० मा वीरेन्द्रनगरमा हुनेछ । सर्वोत्कृष्ट एकलाई ३ लाख राशिको पुरस्कार दिइनेछ । दोस्रोलाई २ लाख, तेस्रो हुनेलाई १ लाख र उत्कृष्टलाई ५० हजार रुपैयाँ दिइने ढकालले जानकारी दिए ।



साउतीसँग सिस्नुपानी

कान्तिपुर संवाददाता

गान्तोक- गतवर्ष भारतीय राज्य सिक्किमबाट 'साउती' अभियान लिएर एक हुल स्रष्टाहरू काठमाडौं पुगेका थिए, हास्यव्यंग्य कविता सुनाउन । काठमाडौंमा साथ मिलेको थियो सिस्नुपानी नेपालको । व्यंग्य साहित्य र प्रस्तुतिमार्फत आआफ्ना मुलुकमा क्रियाशील यी दुई संस्थाले फेरि सहकार्य गरेका छन् । साउतीको निम्तोमा नेपालबाट आएका एक दर्जन स्रष्टाहरूले भारतीय नेपाली साहित्यकारसित गान्तोकमा संयुक्त हास्यव्यंग्य काव्य गोष्ठी गरे । दुई देशका सामाजिक, राजनीतिक र सांस्कृतिक विसंगतिहरूमाथि स्रष्टाहरूले व्यंग्य कस्दै गर्दा सिक्किम साहित्य परिषदको हल भिन्न माहोलले तात्दै थियो ।

भित्तामा लस्करै सजिएका थिए, आदिकवि भानुभक्त आचार्यदेखि, मोतीराम भट्ट, लेखनाथ पौड्याल, पारिजात, इन्द्रबहादुर राई लगायत थुप्रै नेपाली साहित्यकारका तस्बिरहरू । तिनै तस्बिर साक्षी राख्दै व्यंग्यवाण हान्न असम, सिलिगुडी, कालिम्पोङ, दार्जिलिङबाट समेत नेपाली स्रष्टाहरू आएका थिए । केहीअघि मात्रै दिवंगत वरिष्ठ साहित्यकार इन्द्रबहादुर राईप्रति श्रद्धाञ्जली अर्पण गर्दै सुरु गरिएको कार्यक्रममा अर्जुन पराजुलीले नेपालको खबर सुनाए, 'देशमा नभएको देश' शीर्षकको कवितामार्फत । मुलुकमा व्याप्त भ्रष्टाचारप्रति चोटिलो व्यंग्य थियो कवितामा । नेपाल र भारतीय स्रष्टाले पालैपालो जुहारी खेलेझैं कविता



सिक्किममा द्विदेशीय हास्यव्यंग्य साहित्य गोष्ठी

सुनाउने क्रममा जब नेताको सन्दर्भ आउँथे, सिक्किमका स्रष्टाहरू भन्थे- 'नेताचाहिँ कुन देशका परेछन् ?' दर्शकदीर्घाबाट जवाफ आउँथ्यो, 'दुवै देशका नेता उस्तै हुन् ।'

लक्ष्मण गाम्नागेको 'मुला कविता' ले पनि उत्तिकै ताली पायो । उनले श्रीमतीलाई सम्बोधन गरेर प्रस्तुत गरेको कवितामा प्रेमसम्बन्धदेखि व्यक्तिको इमानदारिता र विस्तारै सोचाइमा आउने परिवर्तनप्रति मात्र व्यंग्य थिएन, राजनीति र नेताहरूको व्यवहारप्रति पनि उत्तिकै कटाक्ष गरिएको थियो । यसपछि भारतीय नेपाली स्रष्टाहरू थिरुप्रसाद नेपाल, दीपक बुढाथोकी, होमनाथ दाहाल, एकदेव अधिकारी, पूर्णकुमार शर्मालगायतले आआफ्ना रचना सुनाए । नेपालको पालो पछ्याउँदै टंक आचार्य मुक्तक लिएर प्रस्तुत भए-

आजकालका छोराछोरीहरू
कमाइ वाउको खान्छन्
माया आमाको खान्छन्
र, स्वाइँ अर्कैको खान्छन्

नयाँ पुस्ताको सोच्ने तरिका र जीवनशैलीमा आएको परिवर्तनप्रति यसरी व्यंग्य गर्दै उनले पनि भ्रष्टाचार र राजनीतिलाई अन्य मुक्तकहरूमा जोडे । यसपछि नेपालबाटै राधिका गुरागाईं, शुभद्रा भट्टराई, सरोज घिमिरे, माणिकरत्न शाक्य, गंगा सुवेदीलगायतले सिर्जना सुनाए । कार्यक्रममा विशेष अतिथि रहेका डा. गोविन्दराज भट्टराईले समग्र सिर्जनामाथि समालोचना गरे । उनले पछिल्लो समय व्यंग्य लेखन केही हल्काफुल्का बन्दै गइरहेकोप्रति गुनासो गरे । कतिपय स्रष्टाले त व्यंग्य साहित्यको नाममा 'नारीहरूप्रति घोचपेच गर्ने, उनीहरूलाई अपाच्य विम्ब र प्रतीकमा उभ्याउनेजस्ता' कार्य गरिरहेको दाबी गरे । 'व्यंग्य साहित्य नारीलाई उच्चाउने स्तरबाट माथि उठ्नुपर्छ,' उनले भने ।

सिक्किमकै कवि बीरु वाङदेलले पनि साहित्यमा हास्य र व्यंग्यको स्तर हराउँदै गएको गुनासो गरे । 'नेपाली जाति आफैंमा विनोदी मानिन्छ,' उनले भने, 'तर, अहिले हाम्रो हास्यव्यंग्य साहित्य सिर्जनशील हुन सकिरहेको छैन । लोकजीवनको विनोदी स्वभावलाई खै हामीले उतार्न सकेको ?' दिवंगत स्रष्टा भैरव अर्यालले नेपाली साहित्यमा अन्तर्राष्ट्रियजगत्मै उभ्याउने मिल्ने कृतिहरू दिएको गएको दाबी गर्दै उनले हास्यव्यंग्य स्रष्टाहरू थप गम्भीर भएर लाग्नुपर्ने सुझाए । सिक्किम साहित्य परिषदका अध्यक्ष डा. रुद्र पौडेल, साउतीका संयोजक मुक्तिप्रसाद बराल, तुलसी भट्टराईलगायतले भारतीय हास्यव्यंग्य साहित्यमाथि प्रकाश पारे ।

भारतीय नेपाली स्रष्टाहरूले हास्यव्यंग्य साहित्यमा कमै कलम चलाइरहेको अवस्थामा आफूहरूले 'साउती अभियान' सुरु गरेको बरालले बताए । हास्यव्यंग्य कवितहरू संकलन गर्दै १३ वर्षदेखि बर्सेनि 'साउती' नामक पत्रिकासमेत प्रकाशित गर्दै आएको उनले जनाए । 'साउती' को १३ अंकसमेत लोकार्पण गरिएको कार्यक्रमको प्रकृति रोचक र मौलिक थियो । स्रष्टाहरूले पत्रिकामा प्रकाशित कविता मात्रै वाचन गर्न पाउने र श्रोताहरूले मूल्यांकन गरेर त्यहीँ पुरस्कृत गर्ने व्यवस्था गरिएको थियो । भारतका विभिन्न थलोमा पुग्दै हरेक वर्ष यस्तै मौलिक प्रकृतिको कार्यक्रम गर्दै आएको बरालले जनाए । कार्यक्रमको यो १३ औं शृंखलामा भने सिक्किमे श्रोताहरूले नेपाली स्रष्टाहरूको रचना बढी रुचाए । भोटिडका आधारमा नेपालबाट लक्ष्मण गाम्नागे, टंक आचार्य र अर्जुन पराजुली पुरस्कृत भए । सिक्किमबाट भने उषा शर्मा पुरस्कृत भइन् । सिस्नुपानी नेपालका अध्यक्षसमेत रहेका गाम्नागेले 'यस्ता कार्यक्रमले दुई देशमा रहेका नेपाली समाजलाई जोड्ने' दाबी गरे ।



'कसैका लागि प्रमाणित गर्नु थिएन'

अमेरिकी गायिका सेलेना गोमेजले सोमबार अस्ट्रेलिया भ्रमणका क्रममा डुंगामाथि विकिनी लगाएर बसेको फोटो सार्वजनिक भएपछि थुप्रै प्रतिक्रिया आए ।

केहीले २०१७ मा उनको किड्नी ट्रान्सप्लान्ट गर्दाका शरीरका घाउहरूमाथि गम्भीर आलोचना गरे । केहीले सेलेनाका फोटोहरू आफ्ना पूर्वप्रेमी जस्टिन विवर लक्षित भएको प्रतिक्रियासमेत दिए ।

मंगलबार २५ वर्षीया सेलेनाले आफ्नो इन्स्टाग्राममा भ्रमणको भिडियो राखेकी छन् । उक्त भिडियोमा उनले आफूभन्दा पनि आफ्ना साथीहरूको क्लिप बढी देखाएकी छन् । भिडियोसँगै उनले लेखेकी छन्, 'शारीरिक पूर्णता र सौन्दर्यका पौराणिक कथाहरूका कारण आधुनिक महिलालाई पासोमा पारिदिन्छ । समाजको सौन्दर्यको परिभाषाअनुरूप आफूलाई बदल्न खोज्दा महिलामा निराशा, आत्मचेतना, र आत्मघृणा पैदा हुन्छ ।' उनले थपेकी छन्, 'मैले आफ्नै स्वास्थ्यलाई प्राथमिकतामा राखें । कसैलाई केही प्रमाणित गर्न भने होइन ।'

गोमेजलाई 'लुपुस' नामक रोग लागेपछि नयाँ किड्नी ट्रान्सप्लान्ट गर्नुपर्ने भएको थियो । उनको मिल्ने साथी फ्रान्सिया रैसाले गोमेजलाई आफ्नो किड्नी दिएकी थिइन्, जसलाई गोमेजले 'अल्टिमेट गिफ्ट एन्ड स्याक्रिफाइज' भनेर वर्णन गरेकी छन् ।

पुस्तक

रमेशको 'अग्निनृत्य'

काठमाडौं (कास)- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं चित्रकला विभाग प्रमुख रमेश श्रेष्ठ कविता संग्रह 'अग्निनृत्य' सहित आएका छन् । सोमबार राजधानीमा साहित्यकार श्रीओम श्रेष्ठ, तुलसीहरि कोइराला, डब्बु क्षेत्री, पत्रकार दीपक सापकोटा, चाँदनी हमालले कृतिको लोकार्पण गरे ।

रमेशको कविता कृति 'चेतनाको नृत्यजस्तै लागेको' माधवप्रसाद घिमिरेले कृतिमा लेखेका छन् । रमेशले 'अग्निनृत्य' लाई 'आफैंमा आफैंसँग सम्पन्न एउटा प्रकृतिप्रदत्त वैदिक कला' को रूपमा व्याख्या गरे । 'अग्निसँग हाम्रो सम्बन्ध हामी जन्मनुअघिदेखि नै हुन्छ,' उनले भने, 'हिजोको फराकिलो पृथ्वी आज मानिसकै मस्तिष्क अग्निका कारण विस्तारै साँघुरिँदै गयो ।' कृतिमा रमेशको तीसवटा कविता छन् । रमेशको यसअघि 'नपोतिएको रडहरू', 'चराहरूको पहाड', 'आमा नदीहरू', 'बुद्धविम्ब अक्षरविम्ब' लगायत एक दर्जन बढी गीत संग्रह, कविता संग्रह, खण्डकाव्यलगायत प्रकाशित छन् ।

उपन्यासको आवरण



काठमाडौं (कास)- पूर्व मोडल शिवानीसिंह थारूको उपन्यास 'काठमाडौंमा एक दिन' को आवरण सार्वजनिक गरिएको छ । प्रकाशन फाइन प्रिन्टका सीईओ नीरज भारीले सोमबार आवरण सार्वजनिक गरेका हुन् । 'शिवानीले उपन्यास लेखेको सुन्दा सुरुमा त प्रेम, रोमान्सबारे लेखिन् होला' भन्ने सोचेको मदन पुरस्कार विजेता लेखक अमर न्यौपानेले बताए । तर, उपन्यासमा मधेस आन्दोलन र सशस्त्र विद्रोहमाथि गम्भीर विषय उठान गरेको थाहा पाउँदा आश्चर्यचकित भएको उनले दाबी गरे । भने, 'यो उपन्यासले महिला लेखिकालाई हेर्ने हाम्रो दृष्टिकोण सायद परिवर्तन गर्नेछ ।'

सामाजिक अन्यायमा परेको पात्र कसरी हिंसात्मक विद्रोहमा उत्रिन्छ र त्यो हिंसा कसरी प्रतिहिंसामा परिणत हुन्छ भन्ने उपन्यासमा देखाउने प्रयास गरेको शिवानीले बताइन् । निरज भारीले उपन्यास चैत १९ गते सार्वजनिक हुने जानकारी दिए ।

कुशासनप्रति कटु प्रहार



काठमाडौं (कास)- 'राष्ट्र हाँक्ने नेताहरूले हो । राष्ट्रलाई गति दिने र कर्तव्यबोध गराउने विद्वान्हरूले हो । राष्ट्र खेत हो भने यिनीहरू हली । तर दुःखको कुरा छ, पर्खंदा पर्खंदै युग बित्यो । गतिलो युग हाँक्ने सिपालु नेता पनि भएनन् र विद्वान् पनि । त्यसै हुनाले देशले कष्ट भोग्नु परिरहेको छ ।'

यी भनाइ हुन्- प्राध्यापक डा. विष्णुराज आत्रेयका । उनको यही आशयलाई साहित्यकार नरप्रसाद धितालले आफ्नो खण्डकाव्य 'गोरु र हली' मा यसरी अभिव्यक्त गरेका छन्-

बारमती, विष्णुमती बगे कतिकति
गतिलो हली नभएर देशलाई भयो ठूलो क्षति...

धितालको हालै सार्वजनिक खण्डकाव्यमा सीधा आक्रोश छ- नेता फेरिन्छन्, सरकार फेरिन्छ तर भ्रष्ट शासन फेरिँदैन ।

कृतिको कवि दुर्गालाल श्रेष्ठले बूढानीकलण्ठस्थित हिमालय स्कुलमा आयोजित समारोहमा लोकार्पण गरे । उक्त अवसरमा डा. आत्रेय, टंक भट्टराई र रामबहादुर पहाडीले कृतिको समीक्षा गरेका थिए । 'आमाको काख', 'हराएका टिप्टा काँगडा' लगायत निकालिसकेका धितालको यो १२ औं कृति हो ।

मलेशियाको 深科技 KAIFA कम्पनीमा महिलाहरूलाई रोजगारको अवसर

KAIFA TECHNOLOGY



KAIFA TECHNOLOGY MALAYSIA SDN. BHD., Johor

पूर्व स्वीकृती मिति: २०७४/१२/०६ LT. No. 207608 चलानी नं.: ६०१२८४८४

सि. नं.	कामदारको पद	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने.रु	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	General Worker	50	साक्षर	1000	२६,६५०।-	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कूल लागत खर्च
कामदार आफैले	कम्पनीले	कामदार आफैले	दुवै /रोजगारदाता	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	कामदार आफैले	कामदार आफैले	रु १७००/- कामदार आफैले	निशुल्क	निशुल्क

प्रि-अन्तरवार्ता भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट २०७४ चैत्र १२, १३ र १४ गते (26, 27 & 28 March 2018) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट स्वीकृतिको जानकारी: १) आफ्नो नाममा लिखा प्राप्त भई जाने लिखित भएपछि माथि कम्पनीमा गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भरपाई अनिवार्य लिनुहोला । ३) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु आफ्नो राख्नुहोला । ४) यस विज्ञापन (कृपिका) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ५) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ६) विदेश जानुपुर्व आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्रो सँग बुझ्नु पर्ने साथै सम्भौता पत्र मा हस्ताक्षर गर्नुहोला । ७) कामना विदेश जाओ नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु पर्ने थम्म तथा रोजगार प्रवर्द्धन विभाग, तहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Tilganga-9, Airport, Kathmandu Email: doti.overseas1294@gmail.com
License No.: 1294/074/075
PH: 01-4112804, 4112762 , 9851062705, 9843762094, 9851155813

securiguard 'SECURITY GUARD' हरुलाई UAE मा रोजगारीको अवसर

Company: SECURI GUARD MIDDLE EAST, Abu Dhabi, UAE

पूर्व स्वीकृती मितिः 2074-09-09 LT: 79015 चलानी नं: 60014820

कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
Security Guard (PSBD)	200	स. कामना दक्ष	2000	५६,०००	छ	८ घण्टा	६ दिन	छ	छ	२ वर्ष

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगारदाता कम्पनीले मेडिकल खर्च दिने /नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सेवा शुल्क	जम्मा खर्च
कामदार स्वयं	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	निःशुल्क	निःशुल्क	निःशुल्क	निःशुल्क

⇨ SLC Pass अनिवार्य, उमेर २२ देखि ४० वर्षको र उचाई कम्तीमा ५ फिट ६ इन्च हुनुपर्नेछ ।
⇨ Ex-Army, Police, Civil Security Guard को हकमा कम्तीमा २ वर्ष काम गरेको अनुभवको प्रमाण पत्र हुनुपर्नेछ ।

PSBD को Basic Salary 2000 भएता पनि OT सहित १२ घण्टा २६ दिनको AED 2770 (रु ७७,५६०) को ग्यारेन्टी गरीन्छ ।

प्रि अन्तरवार्ता धमाधम भैरहेको छ । फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधीबाट चैत्र ९ गते (March 23 हुदैछ ।

वैदेशिक रोजगार विभागबाट स्वीकृतिको जानकारी: १) आफ्नो नाममा लिखा प्राप्त भई जाने लिखित भएपछि माथि कम्पनीमा गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भरपाई अनिवार्य लिनुहोला । ३) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु आफ्नो राख्नुहोला । ४) यस विज्ञापन (कृपिका) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ५) विदेश जानुपुर्व आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्रो सँग बुझ्नु पर्ने साथै सम्भौता पत्र मा हस्ताक्षर गर्नुहोला । ६) कामना विदेश जाओ नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु पर्ने थम्म रोजगार प्रवर्द्धन विभाग, तहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD.
फ्यूचर स्टार म्यानपावर प्रा. लि.
ठाउनप्लानिङ (स्विमिङपुल), सामाखुसी, ईजाजत पत्र नं. ३२७/०६०/०६१
Ph: 01-4360576, 4350719, 9851002922, 9803458353, 9849614054, 9803638370

यस प्रा.ली. को लागी PRO-5 & Manager-2 (Male/Female), Office Secretary - 2 (Female) जना आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

BAHRAIN मा X-Army तथा X-Police Security Guard हरूलाई रोजगारको अवसर

UNION SECURITY SYSTEMS AND SERVICES, BAHRAIN

पूर्व स्वीकृत मितिः २०७४/११/१० चलानी नं.: ६०१२६८७१ LT. No.: 205773

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब BD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	70	0	स. कामना दक्ष	150	४१,११०	क.नि अनुसार	८ घण्टा	६ दिन	क.नि अनुसार	छ	छ	२ वर्ष

★उमेरको हकमा २१ देखि ४० वर्षको हुनुपर्नेछ । ★X-Army, X-Police हरुलाई बिशेष प्राथमिकता दिनेछ । ★Civil Security को हकमा गल्फ रिटर्न तथा सम्बन्धित काममा दक्ष तथा अनुभवी हुनुपर्नेछ । ★ सबै Guard हरुले अंग्रेजी राम्रो सँग बोल्न, लेख्न र पढन सक्ने हुनुपर्नेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कसले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने / प्रिमियम रोजगारदाताले तिर्ने	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. ७०,०००/- कामदारले तिर्ने

प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता २०७४ चैत्र ८, ५ र १० गते (22, 23 & 24 Mar. 2018 मा) हुनेछ ।

शनिबार पनि कार्यालय खुल्ला रहनेछ ।

वैदेशिक रोजगार विभागबाट स्वीकृतिको जानकारी: १) आफ्नो नाममा लिखा प्राप्त भई जाने लिखित भएपछि माथि कम्पनीमा गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भरपाई अनिवार्य लिनुहोला । ३) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु आफ्नो राख्नुहोला । ४) यस विज्ञापन (कृपिका) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ५) कामना विदेश जाओ नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु पर्ने थम्म रोजगार प्रवर्द्धन विभाग, तहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Samakhushi ,Townplanning, kathmandu
Tel: 4358395, 4359043, 4390696, Fax: 4387582, Mob.: 9869161290
Pokhara Cont.: 9856036489, Jhapa Con.: 9869064285
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com

साउदीको प्रतिष्ठीत कम्पनीमा रोजगारी

कम्पनी: AL MASHARIQ TRADING CONTRACTING COMPANY

पूर्व स्वीकृती मितिः 2018/03/20 चलानी नं: 60128519 LT: 207619

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Heavy Driver	25	सम्बन्धित कामका दक्ष	1800	५०,४००	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	छ	२ वर्ष
2	Labour/Factor	50		800	२२,४००							
3	General Pump Operator	10		2000	५६,०००							

स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगारदाता कम्पनीले मेडिकल खर्च दिने /नदिने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा विमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट	भिषा शुल्क	सेवा शुल्क	जम्मा खर्च
कामदार स्वयं	दिने	कामदार आफैले	हुने रोजगारदाता कम्पनीले	निःशुल्क	निःशुल्क	रु. १०,०००	रु. १०,०००

नोट: ड्राईभरको हकमा साउदी लाईसेन्स अनिवार्य रूपमा हुनुपर्नेछ । (Mofa Ready)

वैदेशिक रोजगार विभागबाट स्वीकृतिको जानकारी: १) आफ्नो नाममा लिखा प्राप्त भई जाने लिखित भएपछि माथि कम्पनीमा गई रकम बुझाउनु होला । २) आफ्नो रकमको भरपाई अनिवार्य लिनुहोला । ३) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु आफ्नो राख्नुहोला । ४) यस विज्ञापन (कृपिका) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ५) विदेश जानुपुर्व अनिवार्य अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ६) विदेश जानुपुर्व आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्रो सँग बुझ्नु पर्ने साथै सम्भौता पत्र मा हस्ताक्षर गर्नुहोला । ७) कामना विदेश जाओ नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु पर्ने थम्म तथा रोजगार प्रवर्द्धन विभाग, तहाचलमा सम्पर्क राख्नुहोला ।

LINK INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Lic. No.: 821/066/067
लिंक ईन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा. लि.
(साविकको नाईल ओभरसिज प्रा. लि.) सामाखुसी, काठमाण्डौ - पुलिस पेट्रोल पम्प अगाडी
Contact: 01-4356654, 4355978, 9849664971, 9848056535, 9851012209, 9857039222, 9801106906, 9801040653, 9860278951, 9802806906

DIA CARPENTRY WORKS LLC
UAE मा बैदेशिक रोजगारको अवसर
Dia Carpentery Works LLC २५ दिन भित्र उडि सक्नुपर्नेछ ।

पूर्व स्वीकृती मितिः २०७४/११/१८ चलानी नं. ६०१२७४०१ LT# 206445

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Accountant	01	कामका दक्ष	3000	८५,२२२।-	क. नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	छ	२ वर्ष
२.	Auto Cad	01		3000	८५,२२२।-							
३.	Driver	02		2000	५६,८१५-							
४.	Finishing Carpenter	25		1500	४२,६११।-							
५.	Gypsum Carpenters	10		1500	४२,६११।-							
६.	Pipe Fitter	10		1500	४२,६११।-							
७.	Wood Painter	15		1500	४२,६११।-							

Water Seal
Water Seal Insulation Mat.Cont.Co.LLC, UAE

पूर्व स्वीकृती मितिः २०७४/११/१५ चलानी नं. ६०१२७२७५ LT# 206125

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Ordinary Labors	25	साक्षर	1000	२८,४०७।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

UAE बाट धेरै संख्यामा Housekeeping, Cleaner (Male/Female), Valet Parking Driver (UAE Lic.) हरुको पनि माग आएको हुनाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु. १०,०००।- कामदार आफैले

प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ । फाईनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७४ चैत्र ८ र ९ गते (March, 22 & 23) हुनेछ ।

K.D. OVERSEAS PVT. LTD.
Lic. No.: 1253/074/075
Basundhara, Kathmandu, 01- 4365983, 9801090470, 9801090467
9801090469, 9801090472, 9851070161, Birtamod: 9844609340

जनकपुर

प्रदेश २



जनकपुर पुनर्निर्माण

जनकपुरको राम चोकमा ट्रकबाट ह्युमपाइप झारिदै । सहरलाई व्यवस्थित बनाउन जनकपुरमा एकैसाथ पाँचवटा विकास परियोजनाले काम थालेका छन् ।

मेयर-उपमेयर विवाद

पार्टीको हस्तक्षेपपछि अनशन स्थगित

■ श्यामसुन्दर शशि

जनकपुर- मेयरका विरुद्धमा नगरपालिका कार्यालयमा तालाबन्दी गरेर अनशनमा बसेकी धनुषा हंसपुर नगरपालिकाकी उपमेयरले पार्टीको हस्तक्षेपपछि आन्दोलन स्थगित गरेकी छन् ।

मेयर रामज्ञान मण्डलको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै ६ दिनदेखि तालाबन्दी गरेर हंसपुर नगरपालिकाका उपमेयर रेणुदेवी झा आइतबारदेखि आमरण अनशन थालेकी थिइन् । मेयर मण्डल र उपमेयर झा एउटै दल राष्ट्रिय जनता पार्टीबाट चुनाव जितेका छन् । मेयर र उपमेयरको विवादले नगरपालिकाकै काम प्रभावित भएपछि पार्टीले हस्तक्षेप गरेर विवाद साम्य पारेको छ । उपमेयर झाले अनशन तोडेर नगरपालिकामा लगाएकी ताल्चा खोलेपछि मंगलबारबाट काम सुरु भएको छ ।

अनशनमा बसेकी उपमेयर झाको स्वास्थ्य बिग्रिन थालेपछि सोमबार राति जनकपुर अञ्चल अस्पतालमा भर्ना भएकी छन् । उपमेयर झा र मेयर मण्डलबीच अस्पतालमै अनशन तोड्ने सहमति भएको थियो । मेयर र उपमेयरबीचको विवाद मिलाउन राजपाका जिल्लास्तरीय नेताले सोमबारदेखि नै प्रयास गरेका थिए ।

नगरको विकास निर्माण प्रभावित भएकाले अनशन स्थगित गरेको उपमेयर झाले बताइन् । उनले भनिन्, 'आर्थिक वर्ष सकिन अब थोरै दिन बाँकी छ । नपा कार्यालयमा तालाबन्दी गर्दा विकास निर्माणसमेत प्रभावित हुन सक्छ । त्यसैले अनशन स्थगित गरेकी हुँ ।' मेयर मण्डलले नपाको केन्द्र सार्न खोज्दा उनीहरूबीच विवाद बढेको हो । उपमेयर झाले अनशन स्थगित गरे पनि मेयर समर्थक वडाध्यक्षले सोमबारदेखि हंसपुर चोकमा दिइरहेको धर्ना जारी राखेका छन् ।

हंसपुर-३ का वडाध्यक्ष उदयकुमार सिंहले आफूहरूले राखेको चारवटा माग पूरा नभएसम्म धर्ना जारी रहने बताए । उनले विशेष साधारणसभाको निर्णय नभएसम्म धर्ना नहटाउने दाबी गरे । धर्नामा हंसपुर-५ का शिवशंकर साह, ६ का मथुरा यादव, ७ का रामसेवक मण्डल, ८ जीवछ मण्डल र ९ का वडाध्यक्ष नरेश मण्डल सहभागी छन् ।

धर्नास्थल पुगेका मेयर मण्डलले वडाध्यक्षलाई वार्तामा आउन आग्रह गरे । मेयर मण्डलले भने, 'केन्द्रमा काम सुचारु भएको छ । धर्ना बसेका वडाध्यक्षले पनि अ-आफ्ना वडाको काम सुचारु गर्नुपर्दछ ।'

मेयर मण्डल र उनका समर्थक वडाध्यक्षले हंसपुर नगरपालिकाको केन्द्र सार्न खोज्दा सातादेखि यहाँ विवाद सुरु भएको छ । उपमेयर झासँगै केही वडाध्यक्ष तथा बघचौडाबासी केन्द्र सार्न नहुने अडानमा छन् भने मेयर समर्थक केन्द्र सार्न दबाब दिँदै छन् ।

चुरेमा खानेपानी समस्या बढ्यो

■ रवीन्द्र उप्रेती

महोत्तरी- गर्मी बढ्ने क्रमसँगै पानीका स्रोत सुक्दै जानाले जिल्लाको उत्तरी भेगमा खानेपानीको समस्या चुलिँदै गएको छ । पानीको बढी खपत हुने समयमा इनार, चापाकल, पोखरी, खोलाका जलस्तर घट्दै जानाले ग्रामीण भेगमा समस्या थपिँदै गएको हो ।

फागुन लागेदेखि जलस्तर घटने क्रम सुरु भएको चुरेलगायत भावर क्षेत्रका धेरैजसो इनार र खोला सुकिसके । जति बाँकी छन् तिनमा झिसमिसेमै पानी भर्नेको भीड लाग्छ । टुटेश्वरका एक वृद्धका अनुसार सबै काम छोडेर पानी भर्नमा नै चटारो हुन्छ । पँधेरामा भनाभन र झैझगडा सामान्य घटना हुन थालेको छ ।

बर्दिवास उद्योग वाणिज्य संघका अध्यक्ष प्रहलाद क्षेत्रीका अनुसार यहाँ बर्सेनि देखा पर्ने पानी अभावले नवौं पञ्चवर्षीय योजनामा 'शतप्रतिशत जनतालाई खानेपानी उपलब्ध गराउने' सरकारी नीतिलाई नै उपहास गरेको छ । 'स्वच्छ पानी पिउनु जनताको नैसर्गिक अधिकार हो', क्षेत्रीले भने, 'तर सहज ढंगले पानीसमेत नपाउनु मानव अधिकारको घोर उल्लंघन हो ।'

सरकारी निकायले पानीको जलस्तर घटने प्रमुख कारणमा बढ्दो जनसंख्या, चुरेको दोहन र सागरनाथ वन विकास परियोजनाले ओगटेको जंगलको विनाशलाई औंल्याउँदै आएका छन् । तर पीडितले भने यसका लागि सरकारी उपेक्षा सबैभन्दा ठूलो कारण भएको प्रतिक्रिया दिएका छन् । पानी अभावले थलिएका चारघरे र टुटेश्वर बर्दिवास नगरपालिका अन्तर्गत पर्छन् ।

इनारबाट पानी भर्ने प्रयासमा रहेकी किसान नगर ६ चारघरेकी ५१ वर्षीया सीता परियारका अनुसार घाम चढ्दै गएपछि इनारै सुक्छ । पानी पलाउन रातभरि कुर्नुपर्छ । अनि एकाबिहानै पँधेरो नगए पानीको जोहो गर्नै कठिन हुने उनले जनाइन् । त्यहाँको जलस्तर घटदै जानाले खेतबारी सुख्खा बन्दै गएका छन् ।

रातु खोलाको बगरमा रहेको चारघरे सुकुम्बासी बस्तीमा ३३ घर परिवारका २ सय जनाभन्दा बढी बस्छन् । इनार भने एउटा मात्र छ । गाउँलेले ७५ हजार ऋण काढेर इनार बनाएको स्थानीय युवा नेत्र कार्कीले जनाए । इनारमा पानी भर्न हतार गरिरहेकी अर्की गृहिणी कविता लुङ्गेलीले पानीको जोहो गर्न दिनको ३ घण्टाभन्दा बढी समय लाग्ने गरेका बताइन् । 'इनार सुकेपछि पानीका लागि १ घण्टाको दूरीमा पर्ने उत्तरपूर्वको खोला पुगनुपर्छ,' कविताले थपिन्, 'त्यो खोलामा पनि सजिलै पाइँदैन बालुवा खोस्रेर जम्मा भएको पानी कचौराले भर्नुपर्छ ।' गाउँमा पानी अभावले पारेका समस्या कोट्याउँदै अर्की गृहिणी सरिता बस्नेतले पीडा पोखिन्, 'भौगोलिक हिसाबले यो क्यान्सर लागेका गाउँ हो । सरकारको पनि नजर पर्दैन । जता हेऱ्यो बाधै बाधा छ ।' जिल्ला भूमि अधिकार मञ्चका अध्यक्ष फौदसिंह स्यांवाका अनुसार चारघरेको इनारमा डिप बोरिङ गरे समस्या तत्काल समाधान हुन्छ । खर्च पनि खासै बढी लाग्ने देखिँदैन । 'सरकारले नै पीडितलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्छ,' स्याङवाले थपे, 'अनि जनताको तिर्खा कसरी मेटिन्छ ?'



नाबालक छोरीकासाथ मडाहा खोलाबाट गाग्रोमा पानी भर्दै महोत्तरीको बरडाँडाकी एक गृहिणी र बर्दिवास नपा ६ को चारघरे टोलमा सुक्ने लागेको इनारमा पानी भर्दै स्थानीय महिला । *तस्बिर : रवीन्द्र*



चारकोशे झाडी उत्तरको दुर्गम गाउँ टुटेश्वरमा पनि खानेपानीको अभाव त्यत्तिकै टडकारो छ । पानी अभावले त्यहाँको दैनिकी नै फेरिने गरेको छ । मन्दिर टोलकी ७० वर्षीया हेममाया मगरनी टुटेश्वरमा पानी र सडकको समस्या गाउँ जत्तिकै पुरानो भएको बताउँछिन् । '४ गाग्रो पानी भर्न २ पटक लाम लाग्नुपर्छ । यो दुःख कहिले बिसाउन पाइने हो ?,' अर्की गृहिणी युक्तमाया रासकोटीले भनिन् । उनका अनुसार धारा आएको दिन बिहान ४ बजे उठेर लाम लाग्न जानुपर्छ । कुनै पनि नेता र मन्त्रीले यो समस्याप्रति चासो नदिएको उनीहरूको गुनासो छ ।

बस्तीमा पानीको अभावले पढाइमा समेत बाधा हुने गरेको छ । एसईई परीक्षाको तयारीमा रहेकी अमृता थापा मगरले धारामा पानी आएको दिन पढ्न छाडेर पानी भर्ने लाममा बस्नुपरेको बताइन् । उनका अनुसार जुन दिन धारामा पानी आउँछ त्यो दिन छात्राहरू विद्यालय जान पाउँदैनन् । 'पहिले पानी अनि पढाइ,' उनले भनिन् । धारा सुक्दा पानीको एउटै विकल्प हो ४ किमि उत्तरको मडाहा खोला । खोलाको पानी स्वास्थ्यका लागि उपयुक्त मानिँदैन । तर अर्को विकल्प पनि छैन । गाउँले बताउँछन्, 'वर्षा याममा त अवस्था भन्ने जटिल हुन्छ । बाढीको धमिलो पानीले गुजारा चलाउनुपर्छ ।'

स्थानीयका अनुसार ४ सय घरधुरी रहेको टुटेश्वरमा खानेपानीको ३६ धारा छन् । मुहान र मर्मत अभावले यसमध्ये १६ धारा सुकिसकेका छन् । बाँकी रहेका धारामा पनि पालो गरेर पानी आउँछ । पूरै टुटेश्वरमा मन्दिर टोल, सुसलिङ टोल, भुवन टोल, डाँडाटोल र तीनतले गरी ५ टोल छन् । एउटा टोलको धारामा पानी आयो भने अर्को टोलको धारा सुकेका हुन्छन् । फेरि जुन टोलको धारामा पानी आउँछ त्यही टोलकाले मात्र पानी भर्न पाइने नियम बाँधिएको छ ।

गाउँका यज्ञप्रसाद गौतमकाअनुसार टुटेश्वरमा पानीको समस्या समाधान गर्न खासै गाह्रो छैन । टुटेश्वरदेखि ६ किमि दूरीमा रहेको पाङ्लाङ झोराको सिरमा कहिले नसुक्ने मुहान छ । यसबारे तत्कालीन गाविसदेखि सिँचाइ कार्यालय र मन्त्रालयसम्म निवेदन गरिएको छ ।

जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुख सुरेन्द्रप्रसाद शर्माकाअनुसार चारघरे र टुटेश्वरलगायत महोत्तरीका उत्तरवर्ती हात्तीलेट, वरडाँडा, रामनगर, खयरमारा, भरतपुर, लक्ष्मीनियामा, किसाननगर, पशुपति नगरलगायतका गाउँमा खानेपानीको अभाव छ । एक लाखभन्दा बढी जनसंख्या रहेका ती क्षेत्रका हरेकजसो वडामा डिप ट्युवेल, ओभरहेड ट्याङ्की जस्ता योजना सञ्चालित छन् । डिभिजन प्रमुख शर्माले टुटेश्वरमा पनि २ कडोर ३५ लाखको खानेपानी योजना निर्माणाधीन रहेको बताए ।

'योजना दिने तर आवश्यक बजेट विनियोजन नगर्दा खाने पानी 'काकाकुलको तिर्खा' बनेको जिल्ला खानेपानी तथा सरसफाइ कार्यालयलेसमेत स्विकारेको छ । 'आवश्यक बजेट प्राप्त हुने हो भने आगामी वर्ष ती ठाउँमा खाने पानीको समस्या हुँदैन,' शर्माले भने ।

जग्गा फिर्ता गराउन महानगर उदासीन

- सार्वजनिक जग्गा मिच्नको होड
- अतिक्रमण हटाउन जनप्रतिनिधि निष्क्रिय



वीरगन्ज महानगरपालिकाको माइराम पोखरीमा निर्माणाधीन पार्क । कुल ४ बिघा १८ कट्ठा ९ धुर जग्गामध्ये एक बिघा ५ कट्ठा जग्गामा पार्क निर्माण भइरहेको छ । *तस्बिर : कान्तिपुर*

■ भूषण यादव

वीरगन्ज- ०५७ सालको नापीमा श्याम केसीको वीरगन्जको माइराम पोखरी नजिकै ६ धुर जग्गा थियो, ०६५ सालमा त्यो जमिन १४ धुर भयो । २ वर्ष अगाडि ०७२ को नापीमा सोही जमिनको क्षेत्रफल बढेर १ कट्ठा ७ धुर भएको छ ।

तीनैपटक जमिनको क्षेत्रफलमा बढोत्तरी हुँदा पुछारको भाग मात्र बढेको छ । दायाँ र बायाँ बढेको छैन । यसैगरी पोखरीको पश्चिमपट्टि हाल सञ्चालनमा रहेको मनोकमना स्कुलको जग्गा पनि १४ धुरबाट बढेर एक कट्ठा ४ धुर भइसकेको छ । पोखरीको पूर्व भागमा मुख्य सडकसँग जोडिएका साविक ७/७ धुरका जग्गाहरू पछिल्लो ०७२ को नापीअनुसार एक कट्ठा ४ धुरदेखि चार कट्ठासम्मका भएका छन् । वीरगन्ज महानगरपालिकाको मुख्य बजार क्षेत्रमा पर्ने माइराम पोखरी वरिपरि जग्गा बिक्री गर्ने कोही नभए पनि साविकका जग्गाहरू प्रत्येक नापी भएका बेला बढोत्तरी भएका हुन् । हाल महानगरको वडा ४ मा पर्ने माइराम पोखरीको सार्वजनिक जग्गा ४५ जनाले मिचेर घर निर्माण गरेका छन् ।

बिक्री गर्ने जग्गाधनीको नाम श्रेस्तामा उल्लेख नभए पनि साविक जग्गाधनीहरूको लालपुर्जामा जमिनको क्षेत्रफल अस्वाभाविक रूपमा बढेको छ । ४ बिघा १८ कट्ठा ९ धुरको माइराम पोखरी हाल १८ कट्ठामा खुम्चिएको छ । मिचिएको जग्गामा निजी अस्पताल, पोली क्लिनिक, डाक्टरका निजी क्लिनिकहरू सञ्चालनमा रहेका छन् । झन्डै २ दशकपछि स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि आएपछि वीरगन्जको नागरिक समाजले माइराम पोखरीको अतिक्रम हट्ने विश्वास लिएको थियो । महानगरपालिकामा जनप्रतिनिधि आएको ६ महिना बितिसक्दा पनि अतिक्रमण हटाउन कुनै पहल गरिएको छैन । बरु अतिक्रमणलाई वैधानिकता प्रदान गर्ने काम भइरहेको छ ।

महानगरले पूर्ण रूपले अतिक्रमण नहटाई पोखरीमा मझौला सहरी एकीकृत विकास तथा वातावरण सुधार आयोजनाअन्तर्गत रिक्रिएसन पार्क तीव्र रूपले निर्माण भइरहेको छ । १ करोड ५० लाखको लागतमा पार्क निर्माण गर्ने योजना रहेको छ । हरियाली वातावरणसँगै पार्कमा पिकनिक स्पट, बच्चाका लागि चिप्लेटी, चौतारा, फिटनेस जोन, टेबलटेनिस र व्याडमिन्टन कोर्ट निर्माण भइरहेका छन् । वीरगन्ज महानगरपालिकाका मेयर विजय सरावगीले हाल पार्क निर्माण भइरहे पनि आगामी नगर परिषदबाट निर्णय गरी अतिक्रमणविरुद्ध कारबाही प्रक्रिया अगाडि बढाउने दाबी गरे । योजना सीमित अवधिमा सम्पन्न गर्नुपर्ने भएकाले जननिर्वाचित प्रतिनिधि महानगरमा नआउँदै पार्कको निर्माण सुरु भइसकेको थियो ।

'पार्क निर्माण सम्पन्न भए पनि अतिक्रमण खाली गराई पुनः पार्कको बाउन्ड्री फराकिलो पार्छौं', मेयर सरावगीले भने, 'सार्वजनिक अतिक्रमण जसरी भए पनि खाली गराउँछौं ।' १० वर्षकै अवधिमा सार्वजनिक जग्गा कसरी निजी भयो भन्ने अहिले नगरवासीको चासोको विषय बनेको छ । पार्क बनेपछि अतिक्रमण हट्नेमा आशंका पनि बढेको छ ।

आर्थिक नगरी वीरगन्जको मुख्य भाग आदर्शनगर क्षेत्रमा पर्ने माइराम पोखरी अतिक्रमण गरी प्रभावशाली व्यक्तिले निजी अस्पताल, होटल, पोलिक्लिनिक जस्ता ठूला संरचना निर्माण गरेका छन् । पुरानो र नयाँ कर्मचारीको आर्थिक मिलेमतोमा अतिक्रमण भएकाले हटाउन उदासिनता देखिएको नगरवासीको गुनासो छ । तत्कालीन कार्यकारी अधिकृत विष्णुप्रसाद कोइरालाले अतिक्रमण हटाउने अभियान सुरु गरे पनि ६ कठ्ठा जग्गा मात्र खाली गराएका थिए । त्यसपछि कोइराला झन्डै ९ महिना काजमा रसुवाको स्थानीय विकास अधिकार नियुक्त भएका थिए । कोइराला कार्यकारी अधिकृतको पदबाट हटेदेखि कर्मचारीले अतिक्रमण हटाउन कुनै चासो लिएका थिएनन् ।

तीन वर्ष अगाडि पोखरी अतिक्रमण गरेर संरचना निर्माण गर्नेले अदालतमा महानगरपालिकाविरुद्ध रिट हालेका थिए । तर, अदालतले निवेदन खारेज गरिदिएको थियो । महानगरपालिकाको पक्षमा निर्णय आएपछि कार्यालयका कर्मचारीले विभिन्न बहाना देखाउँदै पन्छिदै आएका थिए । जिल्ला र पुनरावेदन अदालतबाट समेत महानगरपालिकाको पक्षमा निर्णय भए पनि अतिक्रमण नहटाइनुमा आर्थिक लेनदेनको आरोप लाग्दै आएको छ । अतिक्रमित जग्गाको बजार मूल्य करोडौं पुगेको छ । ४५ जनाले अतिक्रमण गरे पनि कार्यालयले हालसम्म १३ वटा घरको मात्र नापजाँच लिएको छ । सार्वजनिक सम्पत्तिको अतिक्रमण हटाउन राजनैतिक दल र नागरिक समाज समेत मौन छन् ।

फेरि रोकियो विमानस्थल निर्माण



निर्माण रोकिएको राजविराज विमानस्थल । *तस्बिर : कान्तिपुर*

■ अवधेशकुमार झा

राजविराज- ठेकेदार कम्पनीको लापरबाहीले राजविराज विमानस्थल निर्माणले गति लिन सकेको छैन । चैतभित्र धावनमार्ग कालोपत्रे, एप्रोन, ट्याक्सी स्ट्यान्ड र टावर मर्मतसहितका पूर्वाधार निर्माण गरिसक्नुपर्ने भए पनि काम सुस्त छ । अझै २ सय मिटर धावनमार्ग कालोपत्रेको काम हुने बाँकी छ ।

ठेकेदार कम्पनीले तोकिएकै समयमा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाए पनि १ हजार ५ सय मिटर लामो धावनमार्गमध्ये २० प्रतिशत मात्रै कालोपत्रे भएको छ । पटक-पटक म्याद थप गरिए पनि काम सम्पन्न नहुँदा आफ्नै सदरमुकामबाट जहाज चढ्ने स्थानीयको सपना पूरा हुन सकेको छैन ।

२०१६ मा तत्कालीन मन्त्री गणेशमान सिंहद्वारा उद्घाटन भएर सञ्चालनमा आएको विमानस्थल त्यसलगत्तै बन्द भएको थियो । कच्ची धावनमार्ग र अन्य भौतिक पूर्वाधार निर्माण नहुँदा विमानस्थल गौचरनमा परिणत भएको थियो । तीव्र दबाबपछि सरकारले पुनर्निर्माणका लागि २०७३ मा बजेट विनियोजन गरेको थियो ।

कात्तिकमै सम्पन्न हुनुपर्ने काम चैतसम्म २० प्रतिशत

०७३ असोज १६ गते रमण-कान्छाराम-देव एन्ड सायर जेभीले नेपाल नागरिक उड्डयन प्राधिकरणसित निर्माण सम्झौता गरेको थियो । ठेक्का सम्झौताअनुसार ०७४ कात्तिक मसान्तभित्र विमानस्थलको काम सम्पन्न गर्नुपर्ने थियो । काम नसक्दा म्याद थपेर चैत मसान्तसम्म पुऱ्याइयो । धावनमार्ग कालोपत्रे गर्ने हटमिक्स प्लान्ट बिग्रेपछि काम रोकिएको भन्दै ठेकेदार कम्पनीले फेरि थप म्याद माग्यो । थपिएको समयमा समेत विमानस्थल सम्पन्न हुने स्थिति नदेखिएपछि अहिले फेरि ६ महिनाको समयावधि थपिएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण राजविराज विमानस्थल परियोजना प्रमुख रामएकवाल महतोले ३० करोड ३० लाख ६४ हजार ५ सय २८ रुपैयाँमा ठेक्का सदर भएको र त्यसमा धावनमार्ग कालोपत्रे, ट्याक्सी वे, एप्रोन र टर्निङ प्वाइन्ट निर्माणको काम रहेको बताए ।

तर, रन-वेको बेस, सबबेसलगायतका काम सम्पन्न भइसकेपछि सुरु गरिएको कालोपत्रेको काम सुरुवातमै रोकिएको छ । सुरुमा बाढी र चाडपर्वको कारण देखाउँदै निर्माण कम्पनीले काममा ढिलाइ भएको दाबी गरेको थियो । पछिल्लो समय मेसिन बिग्रेकाले काममा ढिलाइ भएको जनाएको छ । ६ सेन्टिमिटरका हिसाबले दैनिक ५०/६० मिटर पिचिङ गर्ने तयारी गरिएको थियो तर तयारीअनुसार काम हुन सकेको छैन । रन-वे कालोपत्रेका अतिरिक्त विमानस्थलसम्मको बाटो अझै कच्ची छ । बाटो निर्माण र कार पार्किङका लागि १ करोड ८० लाख बजेट छ । तर टेन्डर हुन नसकेका कारण काम थालिएको छैन । टर्मिनल भवनको काम पनि रोकिएको छ । फायर हाउसलगायत अन्य भौतिक पूर्वाधार तथा विमानस्थलका लागि थप आवश्यक जग्गा खरिद गर्न सकिएको छैन ।

विमानस्थलको हालको चौडाइ बढाउनुपर्ने र त्यसका लागि हाल कायम रहेको जग्गा अपुग छ । न्यूनतम एक सय ५० मिटर चौडाइ रहनुपर्नेमा एक सय १० मिटर मात्र छ । करिब २२ बिघा जग्गा खरिद गर्नुपर्ने परियोजना प्रमुख महतोले जानकारी दिए । पर्यटन मन्त्रालयले जग्गा खरिदका लागि ५२ करोड रुपैयाँ विनियोजन गरिसकेको छ ।

राजमार्गमै जुवाको खाल

७ जना पक्राउ

राजविराज (कास)- पूर्व-पश्चिम राजमार्ग छेउकै बस्तीमा संगठित रूपमा जुवा खेलाउने गरिएको छ। प्रहरीलाई छल्दै मोबाइल टोलीजस्तै जुवाडेले लाखौ रुपैयाँ बराबरको कौडा खेल्ने गरेको खुलेको छ।

सप्तरी प्रहरीले मंगलबार अग्नीसाइर कृष्णासवरण गाउँपालिका-२ स्थित पूर्वपश्चिम राजमार्गभन्दा २ सय मिटर दक्षिणमा रहेको रमेश चौधरीको घरमा जुवाको खालमा छापा मारेर जुवाडेलाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक डिल्ली चौहानका अनुसार चौधरीको घरमा सुनसरी, सप्तरी र सिरहाका विभिन्न स्थानबाट आएकाले जुवाको खाल नै बनाएको थियो।

राजमार्गको सडकनजिकै घर रहेकोले प्रहरीको गाडी देख्नासाथ केही जुवाडे भागे पनि प्रहरीले ७ जनालाई नियन्त्रणमा लिएको छ। प्रहरी निरीक्षक चौहानका अनुसार प्रहरीले जुवाको खालबाट १ लाख २४ हजार ८ सय १० रुपैयाँ, कौडा र तास समेत बरामद गरेको छ। लाखौ रुपैयाँ बराबरको जुवा भइरहेको सूचनापछि इलाका प्रहरी कार्यालय कञ्चनपुर र स्थानीय प्रहरी टोलीले छापा मारेको थियो।

सप्तरी, सिरहा र सुनसरी लगायतका जिल्ला र भारतीय क्षेत्रबाट पनि पेसेवर जुवाडेहरू जुवा खेल्न आउने गरेको र लाखौंको खेल हुने गरेको छ। भागेकाहरूमा पनि सुनसरी र सिरहाका गरी ८ जना रहेको प्रहरीको भनाइ छ। स्रोतका अनुसार सप्तरीको राजविराज नगरपालिकाका विभिन्न स्थानमा पनि जुवाखेल हुँदै आएको छ। सप्तरीका एसपी मुकेश सिंहले जुवा खेल रोक्न प्रहरी परिचालन गरिएको बताए।

छोटकरी

विद्यालयलाई चर्पी

बारा (कास)- कलैया उपमहानगर-१ स्थित जिल्लाको पुरानो चन्द्र उच्च माविमा नेपाली सेनाले दुईवटा चर्पी बनाइदिएको छ। विद्यालयमा चर्पी नहुँदा विद्यार्थीलाई समस्या भएकाले जिल्लालाई खुला दिसामुक्त बनाउने अभियानअन्तर्गत महिला र अपांगमैत्री चर्पी बनाइएको चन्दननाथ गणका कर्णेल सन्तोष कार्कीले बताए। नेपाली सेनाको क्विक इम्प्याक्ट प्रोजेक्टअन्तर्गत २ लाखको लागतमा २ वटा पक्की चर्पी, ५ वटा पक्की युरेनल र १ वटा धारा जडान गरिएको उनले बताए।

कारबाहीको माग

राजविराज (कास)- अन्तरपार्टी महिला सञ्जाल र सप्तरी युथ नेपालले सप्तरी जिल्लामा पछिल्लो समय भइरहेका बलात्कारका घटनामा दोषीलाई कारबाही कम भएको आरोप लगाएको छ। दुवै संस्थाले मंगलबार प्रमुख जिल्ला अधिकारी भागीरथ पाण्डेलाई ज्ञापनपत्र बुझाउँदै राज्य संयन्त्रको कमजोरीले बलात्कारजस्ता जघन्य अपराध गर्नेलाई कडा कारबाही हुन नसकिरहेको बताए।

मालपोतको लापरबाही

जग्गाधनीलाई थाहै नदिइ तीनपटक बिक्री



मालपोत कार्यालय सप्तरीमा मंगलबारदेखिको सेवाग्राहीको भिड। *तस्बिर : कान्तिपुर*

■ **अवधेशकुमार झा**

राजविराज- जग्गाधनीलाई थाहै नदिई जिल्ला मालपोत कार्यालय सप्तरीबाट नम्बरी जग्गा तीनपटक बिक्री भएको रहस्य खुलेको छ। भूमाफिया र मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा धनीलाई थाहै नदिई एउटै जग्गा तीन जनालाई बिक्री गरिएको छ।

जग्गाधनीले भने आफनो जग्गा बिक्री गर्न खोज्दा अरूले नै तीनपटकसम्म बेचिसकेको पोल खुलेको छ। सप्तरीको साविकको सिम्राहा सिगियौन गाविस-२ का रामकेवल यादवले २०७१ साल जेठ ७ गते साविकको नर्घो गाविस-३ क को कित्ता नम्बर ३७३ को १३ कठ्ठा जग्गा खरिद गरेका थिए। मालपोत कार्यालय सप्तरीको तथ्यांकअनुसार रजिष्ट्रेसन नम्बर ४५५८७१२७ बाट रामकेबलले उक्त जग्गा खरिद गरेको देखिन्छ।

रामकेवलको स्वामित्वको उक्त जग्गाको किर्ते बिक्री ०७३ साल चैत १४ गतेदेखि सुरु भएको थियो। उनको नामको १३ कठा जग्गा किर्ते कागजात तयार गरेर बिक्री भएको छ। ०७३ साल चैत १४ गते नर्घो गाविस-२ की रामपरिदेवी यादवको नाममा पास हुँदा उक्त जग्गाको रजिष्ट्रेसन नम्बर १८१११ देखिन्छ। लगत्तै चैत १५ गते सोही जग्गा साविकको बोरिया गाविस ६ की ललितादेवीको नाममा १८१६९ नम्बरमार्फत रजिष्ट्रेसन भएको छ।

त्यतिमात्र होइन रामकेवलको उक्त जग्गा ललितादेवीको नामबाट बोरिया गाविस-६ की बिन्दादेवी यादवको नाममा ०७४ जेठ १७ गते २२८२२ मा रजिष्ट्रेसन गरिएको थियो।

जग्गाका मूलधनीले १३ कठ्ठा जग्गा बिक्री गर्न खोज्दा मात्र उनले आफनो जग्गा आफूलाई थाहै नदिइकन पटकपटक बेचिइसकिएको जानकारी पाए।

रामकेवलले जग्गा बिक्री गर्न खोज्दा मालपोतमा जग्गा रोक्का रहेको थाहा पाएपछि खोजी गर्दै जाँदा विवादबाट जोगिन रजिष्ट्रेसन नम्बर ६०१३ बाट उक्त जग्गा बिन्दादेवी यादवको नामबाट पुनः रामकेवलकै नाममा दर्ता गरिएको थियो। तर तीन जनालाई बिक्री गर्दै पुनः मूलधनीको नाममा फर्काएको जग्गाको लिखत भने मालपोत कार्यालयमा छैन।

'कस्तो अचम्म। मेरो जग्गा मलाई नै थाहा नदिइ तीन जनाको नाममा बिक्री भइसकेको रहेछ', रामकेवलले भने, 'मालपोत कार्यालयमा त कसैको जग्गा जो-सुकैले पनि बेच्न सकिनेजस्तो भयो।' उनले कर्मचारीकै मिलेमतोमा आफनो नामको जग्गा किर्ते कागजात बनाई पटकपटक बिक्री भएको आरोप लगाए।

मालपोत कार्यालय सप्तरीको तथ्यांकअनुसार रामकेवलको जग्गा पटकपटक बिक्री गर्ने काममा कागजात हेर्ने र प्रमाणित गर्ने काम कार्यालयमा कार्यरत नायव सुब्बा सीताराम चौधरी, भोजराज रेग्मी र खरिदार रमेश दनुवारले गरेका थिए। उनीहरूले आफूलाई यसबारे केही थाहा नभएको भन्दै पन्छिन खोजे। मालपोत स्रोतका अनुसार सप्तरी मालपोतमा केही कर्मचारी र केही बाहिरी व्यक्तिको मिलेमतोमा जग्गाधनीलाई थाहै नदिई किर्ते कागजात तयार गरेर बिक्री गर्ने गिरोह नै सक्रिय रहेको छ। अरूको जग्गा बेच्दै पैसा कमाउने नियतले ती समूह सक्रिय रहेको स्रोतले भन्यो।

जिल्ला मालपोत कार्यालय सप्तरीका नायव सुब्बा शम्भुराज अधिकारीले रामकेवलको नामको जग्गा कसरी उनलाई थाहा नभई बिक्री भएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको बताए। उनले अनुसन्धानका लागि जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालयमा पत्र समेत पठाइएको बताए। उनले चौथोपटक फेरि त्यही जग्गा रामकेवलकै नाममा आउँदाको कागजात मालपोत कार्यालयमा नरहेको स्वीकारे।

जिल्ला मालपोत कार्यालय सप्तरीका प्रमुख दधिराम गुरागाईंले पहिलोपटक रामकेवलको नामबाट रामपरीको नाममा लिखत पास हुँदा किर्ते कागजात पेस गरिएको स्वीकार गरे। उनले भने, 'रामकेवलको नामबाट रामपरीको नाममा किर्ते कागजात तयार गरी लिखत पास भयो, त्यसपछि सोही कागजातका आधारमा अन्यका नाममा रजिष्ट्रेसन पास हुँदै गयो।

पछिल्लोपटक जग्गाका मूलधनीले आफनो जग्गा खोजी गर्दा लुकाउन नसक्ने हुँदा किर्ते गर्नेहरूले भीडभाडमा कर्मचारीलाई झुक्याएर जग्गा फेरि रामकेवलकै नाममा पास गराएको गुरागाईंले बताए। सप्तरीका प्रहरी प्रमुख एसपी मुकेशकुमार सिंहले जिल्ला मालपोत कार्यालयमा भएको किर्तेका विषयमा छानबिन गरिदिन कार्यालयबाट चैत ५ गते पत्र आएको बताए। उनले उक्त घटनाबारे प्रहरीले अनुसन्धान थालिसकेको जानकारी दिए।

सडकको धूलोले दैनिकी कष्टकर



सर्लाही सदरमुकामलाई पूर्व पश्चिम राजमार्गसंग जोड्ने ब्यस्त नवलपुर मलंगवा ग्राभेल सडक खण्डमा धुलो नियन्त्रणका लागि मंगलवार पानी छिट्दै। *तस्बिर : अमन*

■ **अमन कोइराला**

सर्लाही- जतातै ग्राभेल सडक भएकाले सवारी गुडदा उडाएर घरभित्रै पस्ने धूलोले सर्लाहीवासीको दैनिकी कष्टकर बनेको छ। गर्मीको मौसमले त्यसै पनि बिमारी बढाउँछ झन सडकको धूलोले स्थानीय आर्तकित बनेका छन्।

जनप्रतिनिधिसँग मतदाताको प्रमुख माग सडकबाट उड्ने धूलो नियन्त्रण नै बनेको छ। धूलो नियन्त्रणका लागि जनप्रतिनिधिको आग्रहमा जिल्ला प्रशासन कार्यालयले मंगलबारका लागि राखेको बैठक सरोकारवाला नआउँदा हुन सकेन। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालले बुधबारका फेरि बैठक बस्ने बताए।

'जतातै धुलाम्मे छ,' उनले भने, 'हजारौं नागरिक धूलोका कारण पीडित भएका छन्। धूलो नियन्त्रणको माग गर्दै सडक बन्द गर्ने क्रम बढेको छ।' धूलो पीडितले सडक जाम गरेपछि एक/दुई दिन सडकमा पानी छिट्ने गरिएको छ। गर्मी बढेकाले पानी छिटेको एक घण्टामै सुकेर फेरि धूलो उड्छ। धूलो नियन्त्रणका लागि आन्दोलनको अगुवाइ गरेका इश्कीलाल पासवानले धूलोकै कारण बसाइँ सर्नुपर्ने अवस्था आएको बताए।

सडक कालोपत्रे बनाउने ठेक्का लागिसकेको मलंगवा-नवलपुर र नयाँरोड-हथिऔल सडकखण्ड अहिले धुलाम्मे छ। ठेकेदारले सडक छेउबाट माटो खनेर थुपारेपछि धूलो बढेको हो। सर्लाहीका नेता प्रमोद साहले जता गए पनि धूलोकै गुनासो सुनिएकाले नियन्त्रण गर्न बैठक राखिएको बताए। उनले तत्काल धूलो नियन्त्रणको उपाय नगरे समस्याले विकराल रूप लिने जिकिर गरे। उनले ठेक्का पाएर काम नगर्ने ठेकेदार, छिटो काम नगराउने सडक विभागले धूलो नियन्त्रणमा ध्यान नदिएको आरोप लगाए। कुनै पनि बहानामा जनताको स्वास्थ्यमा गम्भीर असर पार्ने क्रियाकलाप सह्य नहुने उनले बताए।

ठेक्काको काम तदारुकतासँग गर्ने, काम नसकुन्जेल धूलो नियन्त्रणका लागि नियमित पानी छिट्ने र सडक किनारमा राखेको माटो तत्काल हटाउने लगायतका काम हुनुपर्ने विकल्प सहित बैठक बस्न लागेको हो। जिल्ला समन्वय समितका संयोजक मैथुर चौधरीले धूलोकै कारण पूरै जिल्ला फोहोर देखिएको बताए। अत्यधिक धूलोकै कारण एक साताभा ४ वटा दुर्घटना भएका छन्।

एउटा सवारी साधन गुडेपछि ५ मिनेटसम्म बाटोमा केही नदेखिने गरी धूलो उड्छ। यसले दुर्घटना बढाउने, स्वास्थ्य बिग्रने र जनजीवन नै कष्टकर भएको छ। सुत्दासमेत स्वच्छ हावा नपाएर जनता हैरान छन्। गर्मी बढे पनि धूलोकै डरले घरका झ्याल समेत बन्द गर्नुपर्छ। तत्काल धूलो नियन्त्रणमा सम्बन्धित निकायले ध्यान नदिए पीडित जनतासँगै आन्दोलनमा उत्रन बाध्य हुने साहले चेतावनी दिए।

बालश्रम उन्मुलनमा जोड

कान्तिपुर संवाददाता

पर्सा- वीरगन्ज महानगरमा रहेको बालश्रम समस्या समाधानका लागि साझा प्रयास थाल्नुपर्ने सरोकारवालाले बताएका छन्।

वीरगन्ज महानगरपालिकाको कार्यालयले आयोजना गरेको बालश्रम न्यूनीकरण/बाल संरक्षण समीक्षा बैठकका सहभागीले बालश्रम उन्मुलन आवश्यक रहेको बताए। कार्यक्रम युनिसेफ नेपालको सहयोगमा दिव्य युवा क्लब र सानो पाइलाको सहजीकरणमा आयोजना भएको थियो।

महानगरका मेयर बिजयकुमार सरावगीले महानगरलाई बालमैत्री बनाउन अभियान चलाएको र यसको सुरुवात गतसाता वडा नम्बर ३१ बाट गरेको बताए। उममेयर शान्ति कार्कीले बालश्रम वीरगन्जको मात्र नभएर मुलुककै समस्या रहेकाले यसको न्यूनीकरणका लागि महानगरको एक्लो प्रयासले सम्भव नरहेकाले सरोकारवालाको हातेमालो आवश्यक रहेको बताइन्।

सामाजिक अभियन्ता प्रकाश थारूले बालश्रमबाट उद्धार गरिने बालबालिकाको आश्रय, परामर्शदाता तथा उनीहरूको हकअधिकारको कानुनी लडाइँका लागि कानुनी सल्लाहकारको अभाव रहेको बताए। महिला तथा बालबालिका कार्यालयकी प्रमुख इन्दिरा श्रेष्ठ तथा जिल्ला बालकल्याण समितिको कार्यालयकी प्रमुख सावित्री भण्डारीले उद्धार गरिने बालबालिकालाई राख्ने आवधिक गृहको अभाव रहेको बताए।

श्रम कार्यालय वीरगन्जका प्रमुख राधेश्याम झाले बालश्रमबाट उद्धार गरिएका बालबालिकाका लागि सीप विकास केन्द्र र रोजगार सूचना केन्द्र आवश्यक रहेको बताए। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक मानबहादुर राईले महानगरमा बालबालिका मैत्री विद्यालय, परिवार र समाजको आवश्यकतामा जोड दिए। युनिसेफका प्रतिनिधि वृजकिशोर पटेलले बालश्रम समाजमा जरो गाडेर बसेकाले यसको कारण गरिबी, अशिक्षा, चेतनाको कमी नै रहेको बताए।

महानगरपालिकाको कार्यालयका सामाजिक विकास अधिकृत मुकेश गुप्ताले कार्यपत्र प्रस्तुत गर्दै महानगरमा जारी बाल श्रमिकको सर्वेक्षणको कार्य अन्तिम चरणमा रहेको बताए। उनले केही दिनभित्रै महानगरमा रहेका बालश्रमिकको वास्तविक तथ्यांक आउने बताए।

दुवै खेल बराबरीमा

धनुषा (कास)- जनकपुरमा मंगलबारदेखि सुरु भएको १८ औं राष्ट्रिय हक्की प्रतियोगिताअन्तर्गत पहिलो दिनका दुई खेल बराबरीमा टुंगिएका छन्।

सुदूर पश्चिमाञ्चल र पश्चिमाञ्चलबीच भएको पहिलो खेल बराबरीमा टुंगिएको हो। खेल को २१ औं मिनेटमा सुदूर पश्चिमका तर्फबाट धीरेन्द्र चन्द्रले गोल गर्दै खाता खोलेका थिए। पश्चिमाञ्चलका यमन रसाइलीले ४१ औं मिनेटमा गोल फर्काउँदै खेल बराबरीमा पुऱ्याए। दोस्रो गोल गर्न नसकेपछि खेल बराबरीमा टुंगिएको थियो। दुवै टिमले १/१ अंक बाँडे। उत्कृष्ट खेल प्रदर्शन गरेका पश्चिमाञ्चलका गोलरक्षक सागर खाड म्यान अफदी म्याच चुनिए।


दोस्रो मध्यमाञ्चल र पूर्वाञ्चलबीचको खेल पनि बराबरीमा टुंगिएको छ। खेल सुरु भएको ३ मिनेट नबित्दै मध्यमाञ्चलका हरबिन्द्र सिंहले गोल गरी खाता खोलेका थिए। खेलको २५ औं मिनेटमा पूर्वाञ्चलका तर्फबाट अनिष मगरले गोल फर्काएका थिए। दुवै टिमले १/१ अंक बाँडे। दोस्रो खेलमा उत्कृष्ट प्रदर्शन गरेका मध्यमाञ्चलका राजेशनाथ अधिकारी म्यान अफ दी म्याच चुनिए।



जनकपुरमा १८ औं राष्ट्रिय हक्की प्रतियोगिताको उदघाटन खेलमा सुदूर पश्चिमाञ्चल र पश्चिमाञ्चलका खेलाडा प्रतिस्पर्धा गर्दै। *तस्बिर : सन्तोष सिंह*

बुधबार दोस्रो दिनको खेलमा नेपाल आर्मीसँग पूर्वाञ्चल र मध्यपश्चिमाञ्चलसँग पश्चिमाञ्चल प्रतिस्पर्धा गर्ने छन। जनकपुरको मुजेलियस्थित कर्भड हल मैदानमा सुरु भएको १८ औं राष्ट्रिय हक्की प्रतियोगितामा ५ विकास क्षेत्र र नेपाल आर्मीको १ विभागीय टोली सहित ६ टिमको सहभागिता छ।









तपाईको आज

मेष	पदोन्नति	तुला	प्रियजन भेट
वृष	केही लाभ	वृश्चिक	अपजस
मिथुन	कार्य सिद्धि	धनु	मनोकांक्षा पूर्ण
कर्कट	कर्म प्राप्ति	मकर	आलोचित हुने
सिंह	भाग्य वृद्धि	कुम्भ	शत्रु परास्त
कन्या	कान्ति क्षय	मीन	आर्थिक लाभ

भोलिको पात्रो

विक्रमसंवत् २०७४ साल चैत ८ गते बिहीबार तदनुरुप २२ मार्च २०१८ चैत्र शुक्लपक्ष पञ्चमी तिथि दिनको २:८ बजेसम्म उप्रान्त षष्ठि तिथि, कृतिका नक्षत्र रात्रिको ६:२७ बजेसम्म उप्रान्त रोहिणी नक्षत्र, बिष्कुम्भ योग प्रातः ११:३२ बजेसम्म उप्रान्त प्रीति योग, कौलब करण रात्रिको ९:१० बजेसम्म उप्रान्त तैतिल करण, वृष राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	शुभारम्भ/भक्तिसुर
५:३०	राधे राधे
६:००	जीवन विज्ञान
६:३०	वास्तु मन्थन
६:४०	गुडमर्निङ नेपाल
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	मार्ग दर्शन
१०:००	कान्तिपुर समाचार
१०:३०	दस बजे
११:००	कान्तिपुर न्युज
११:३०	एस एण्ड एस (द रिभ्यू शो)
१२:००	कान्तिपुर समाचार
१२:३०	के आज घरमै
१:३०	दवाक्क दुक्क
२:३०	कान्तिपुर समाचार
३:००	सरोकार
४:००	कान्तिपुर न्युज
४:३०	दस बजे
५:००	कल कान्तिपुर रिलोडेड
६:००	कान्तिपुर समाचार
६:३०	एस एण्ड एस (हङ्गार हन्ट)
७:००	हर्के हलदार
८:००	कान्तिपुर समाचार
९:००	सुमनसँग
९:३०	मनि टक्स
१०:००	दस बजे
१०:३०	कान्तिपुर न्युज
११:००	एस एण्ड एस (हङ्गार हन्ट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपिटेड
१:००	कान्तिपुर न्युज रिपिटेड
१:३०	एस एण्ड एस (हङ्गार हन्ट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हर्के हलदार
३:३०	कान्तिपुर समाचार (रिपिट २)
४:००	के आज घरमै

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

०५:००	भक्ति अनुष्ठान (बालचन्द्र)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेड लाइनर्स
७:३०	संरक्षण (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (सबिना)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (प्रज्वल)
१०:००	स्पोर्ट एन्ड डायरी
१०:०५	गजब छ बा (आशीष शाह/दुर्गाराज पाण्डे)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	टेस्ट बड (सञ्जय/धलिसा)
१२:००	कान्तिपुर डायरी
१२:१०	आफ्नो भाका आफ्नो गीत (कृष्ण मल्ल)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (प्रज्वल खड्का)
१४:००	इन्टरनेसनल डायरी
१५:००	कान्तिपुर डायरी
१५:१५	संगिठोमेट्री (रोबिन तामाङ)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	हेपी हावर (शुभराज अधिकारी)
१७:०५	एजुकेसन टक (भूपेन्द्र)
१८:००	आद्या अकाश (कमला पन्थी)
१८:३०	कान्तिपुर डायरी
१९:००	आई लभ इट आई हेट इट (प्रज्वल/स्वर्ण)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	क्लोज अप कनेक्ट (सबिना)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	ग्लोबल कनेक्सन (शुभराज अधिकारी)
२३:००	आजदेखि अर्को आजसम्म (प्रज्वल खड्का)
२४:००	आफ्नो भाका आफ्नो गीत (कृष्ण)
००:०१	कानुनी बहस र परामर्श (कमला पन्थी)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२०१९००
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२०१९३८
एम्बुलेन्स लायन्स क्लब	५२५२८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०३३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६५
एयरपोर्ट	५२०००४
बुद्ध एयर	५२५०२०
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८१९

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
वारुण यन्त्र	५२००२७
प्रहरी	५२०१९२
प्रहरी	५२०००२
रेडक्रस एम्बुलेन्स	५२०१००
बरदला हस्पिटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२५५२७
विद्युत फ्च्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४५२७१७७
छिन्नमस्ता गाण	५२०६९२
ई.पु.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१९२
प्रहरी कन्ट्रोल	५२००००२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय गौशाला	५५१००/६२२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४०३४८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४०३४८४
वीर अस्पताल	४२२९१८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३७०६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४०९८/४४२०४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	१५३४, ४२१७०७५५, ४२१७०५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६०
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६०
फ्रेन्डस अफ शान्ता भवन	४४६०१८१
नेपाल अर्थोपिडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३०१६८३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५०/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४९८०३५
सुनौरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४५५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२६४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०१४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
शुशुपति आर्युवेद सेवा केन्द्र	४४२२०९९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२८००
नेपाल मिटर दुवाकसी संघ	४२२४३७४

एसियन कप छनोट

आशा साफलाई

■ सुबास हुमागाईं



नेपाली टोली

गोलरक्षक : किरण चेम्जोङ, विकेश कुथु र एलन न्यौपाने

डिफेन्डर : विराज महर्जन (कप्तान), अनन्त तामाङ, आदित्य चौधरी, दिनेश राजवंशी, रञ्जित धिमाल र देवेन्द्र तामाङ

मिडफिल्डर : रोहित चन्द, विशाल राई, हेमन गुरुङ, हेमन्त थापामगर, सुनील बल, सुमन लामा र सुजल श्रेष्ठ

फरवार्ड : विमल घर्तीमगर, नवयुग श्रेष्ठ, जर्जप्रिन्स कार्की र अञ्जन विष्ट ।

काठमाडौं- एएफसीबाट उपहारस्वरुप एसियन कप फुटबलको छनोट खेल्ने मौका पाएको नेपालले चैत १४ मा यमनको सामना गर्दै छ । सन् २०१६ को नोभेम्बरमा विश्वकप छनोटको पहिलो चरणबाटै बाहिरिएका राष्ट्रबीच भएको एएफसी सोलिडारिटी कपको उपाधि जितेपछि नेपालले यो अवसर पाएको हो । प्रतियोगिताको फाइनलमा नेपालसँग १-० ले पराजित मकाउले पनि सोही अवसर प्राप्त गऱ्यो ।

समूह चरणको अन्तिम खेलसम्म आइपुग्दा नेपाल ५ खेलमा २ अंक जोडै पुछारमा छ । नेपालको छनोट हुने सम्भावना समाप्त भइसकेको छ । उता मकाउ खेलेका सबै खेलमा हार बेहोर्दै अंकतालिकाको पुछारमै छ । एसियन कप छनोटमा अपेक्षाकृत प्रदर्शन गर्न नसके पनि नेपालले आफ्नो स्तर मापन गर्ने राम्रो अवसर पायो । घरेलु मैदानमा यमन र फिलिपिन्सलाई बराबरीमा रोकेको नेपालले ताजिकिस्तानसँग २-१ ले पराजित हुँदै सन्तोषजनक नतिजा हात पाऱ्यो । अबे मैदानमा भने नेपालको प्रदर्शन सुखद हुन सकेन ।

यमनविरुद्ध कतारको दोहामा हुने अन्तिम खेलमा नेपाल सकारात्मक नतिजासहित प्रतियोगिताबाट बिदा हुने दाउमा छ । तर विगतका खेलको तुलनामा नेपाल सम्भवतः सबैभन्दा कमजोर स्थितिमा छ । यसअघिका खेलमा नेपालले तयारीलाई लामो समय पाएको थियो । केही खेलअघि मैत्रीपूर्ण खेल र कुनै खेलमा वैदेसिक प्रशिक्षण पनि पाएको थियो । तर यसपालि खेलअघि नेपाली टोलीले एक साता पनि पूर्ण प्रशिक्षण गर्न पाएको छैन । मोफसलका प्रतियोगितामा ए डिभिजन क्लबहरू व्यस्त हुँदा प्रशिक्षक ग्योतोकु कोजीले समयमै खेलाडी पाएनन् ।

उपलब्ध खेलाडीको फिटनेसमा समस्या त छँदै छ, नेपाली टोलीले यसपल्ट महत्त्वपूर्ण केही सदस्यको पनि साथ पाउने छैन । नियमित उपकप्तान भरत खवास दोहोरो पहेँलो कार्डका कारण यमनविरुद्ध उपलब्ध हुँदैनन् । उनले ताजिकिस्तानमा ३-० को हार र फिलिपिन्ससँग गोलरहित बराबरी खेल्दा पहेँलो कार्ड पाएका थिए । यस्तै भरपर्दा मिडफिल्डर विक्रम लामा पनि चोटका कारण टोलीमा छैनन् । फागुनमा बुढासुब्बा गोल्डकपको फाइनलमा खुट्टा भाँचिएपछि शल्यक्रिया गराएका विक्रम अझै केही महिना मैदानबाहिर रहन्छन् ।

भर्खरै चोटबाट पुनरागमन गरेका डिफेन्डर रविन श्रेष्ठ प्रशिक्षणमा सामेल भए पनि कोजीले उनलाई टोलीमा समेटेका छैनन् । नेपाल पुलिस क्लबका लागि तिलोत्तमा गोल्डकपको तीन खेल खेलेका रविनमाथि प्रशिक्षक कोजीले जोखिम उठाउन चाहेनन् । मनाङ मर्स्याङदी क्लबका कमल श्रेष्ठ पनि पूर्ण फिट नहुनाले टोलीमा अटाउन सकेनन् ।

प्रशिक्षक कोजीले यमनविरुद्धको खेललाई सेप्टेम्बरमा हुने साफ च्याम्पियनसिप तयारीको रूपमा हेरेका छन् । 'हामीले केही महिनामै साफ च्याम्पियनसिप खेल्दै छौं । अहिले उपलब्ध खेलाडीलाई अध्ययन गर्न यो राम्रो अवसर हो । वर्तमान टोलीमा रहेको कमजोरी पत्ता लगाएर हामीले पछिका लागि त्यसको समाधान निकाल्न सक्छौं,' उनले भने ।

कोजीले यसपालि चार खेलाडीलाई टोलीमा फिर्ता बोलाएका छन् । थ्रीस्टारका लागि उत्कृष्ट प्रदर्शन गरिरहेका गोलरक्षक एलन न्यौपानेसँगै डिफेन्डरद्वय आदित्य चौधरी र देवेन्द्र तामाङ टोलीमा फर्किएका छन् । पुलिसको आक्रमणमा निर्णायक भूमिका निभाइरहेका फरवार्ड सुमन लामा पनि यसपालि टोलीमा फर्किए । समग्रमा टोलीमा युवा खेलाडीको प्रभाव रहनेछ ।

नेपालले यसअघि यमनसँग प्रतियोगिताको दोस्रो खेलमा गोलरहित बराबरी खेलेको थियो । हल्चोकस्थित एपीएफ रंगशालामा सम्पन्न उक्त खेलमा यमनका खेलाडीले रमादानको समयमा खेलेका थिए । तुलनात्मक नेपाली टोली शारीरिक रूपमा कमजोर भए पनि खेल भने प्रतिस्पर्धात्मक थियो ।

यमन अहिले समूहको दोस्रो स्थानमा छ । नेपाललाई पराजित गरेको खण्डमा यमनले एसियन कपमा स्थान पक्का गर्नेछ । त्यसैले पनि नेपालका लागि यो खेल थप कठिन बन्नेछ ।

विगत तुलनामा कमजोर तयारी, महत्त्वपूर्ण खेलाडीको अनुपस्थिति र विपक्षीको बलियो दावेदारीले यस खेलमा नेपालले सुखद नतिजा ल्याउने सम्भावना निकै कम रहेको आँकलन गर्न सकिन्छ ।

बिर्तामोडलाई भेट्रान कप

काँकडभिट्टा (कास)- काँकडभिट्टा भेट्रान फुटबल क्लबको आयोजनामा सम्पन्न इन्डो-नेपाल भेट्रान फुटबलको उपाधि बिर्तामोडले जितेको छ । स्थानीय काँकडभिट्टा मार्विको मैदानमा सम्पन्न फाइनलमा बिर्तामोडले सुरुङ्गा भेट्रान क्लबलाई ३-० ले पराजित गर्दै १ लाख २५ हजार रुपैयाँ पुरस्कार जित्यो । सुरुङ्गाले ५१ हजार पायो ।

सुरुको १० औं मिनेटमा बिर्तामोडका गणेश सुब्बाको पासमा सुवास आङ्थुपोले गोल गर्दै टोलीलाई अग्रता दिलाए । २३ औं मिनेटमा गणेशकै पासमा सुवासले दोस्रो गोल थप्दै विपक्षीलाई थप दबाबमा राखे ।

बिर्तामोडले दोस्रो हाफको २९ औं मिनेटमा सुवासको क्रसमा नरेन्द्रमणि लिम्बूले गोल गर्दै टोलीको जित निश्चित गरे । म्यान अफ द म्याच र सर्वाधिक गोलकर्ता बिर्तामोडका सुवास आङ्थुपो भए । खेलका सर्वोत्कृष्ट खेलाडी नरेन्द्रमणि लिम्बू, उत्कृष्ट फरवार्ड देवमान लिम्बू, उत्कृष्ट प्रशिक्षक नवीन लिम्बू र उत्कृष्ट डिफेन्डर मोहन गुरुङ (बिर्तामोड) भए । उत्कृष्ट मिडफिल्डरमा राकेश श्रेष्ठ (काँकडभिट्टा) र जेष्ठ खेलाडीमा कुमार सापकोटा (सुरुङ्गा) चुनिए भने फेयर प्ले टिम दार्जिलिङ बन्यो ।

देवदह र होराइजन सेमिफाइनलमा

बुटवल (कास)- सिद्धार्थ रंगशाला भैरहवामा जारी रूपन्देही टी-२० क्रिकेट प्रतियोगितामा मंगलबार देवदह क्रिकेट युनिट र न्यु होराइजन क्रिकेट क्लब बुटवल सेमिफाइनल पुगेका छन् ।

पहिलो खेलमा देवदहले ज्ञानोदय क्रिकेट क्लब करहियालाई १४ रनले हरायो । टस हारेर ब्याटिङ गरेको देवदहले ८ विकेट गुमाई १ सय १४ रन बनायो । कुशल भूर्तेलले २८, प्रकाश केसी र सन्दीप जोराले १३-१३ रन बनाए । ज्ञानोदयका कृष्ण पराजुलीले ३ र संगम थापाले २ विकेट लिए ।

यसअघि टस जितेको साई ग्लोबले १९.२ ओभरमा सबै विकेट गुमाई ८२ रनमात्रै बनायो । आशुतोष पासवानले ४२ र अजय रसाइलीले १६ रन बनाए । उसलाई सस्तैमा रोक्न बलिङमा होराइजनका कुशल मल्लले ४ र अनिल खरेलले २ विकेट लिए ।







'ओपनिङमै प्रमाणित गर्न चाहन्छु'



ज्ञानेन्द्र मल्ल, उपकप्तान

प्राविधिक हिसाबमा नेपालका सबैभन्दा निपुण ब्याट्सम्यान मानिएका ज्ञानेन्द्र मल्लका लागि पछिल्लो एक महिनामा भएको विश्व क्रिकेट लिग डिभिजन २ र विश्वकप छनोट बिर्सनलायक बन्यो । आफ्नो प्रदर्शनका हिसाबमै उनी यसलाई सम्झन चाहँदैनन् । नेपालबाट प्रमुख आस गरिएका यी ओपनिङ ब्याट्सम्यानले डिभिजन २ र विश्वकप छनोटका १२ खेलमा उनले १ सय ४२ रनमात्र बनाउन सके । आफूले प्रदर्शन दिन नसकेकामा उनलाई ग्लानि छ । यही मौकामा नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो । नेपाली टोलीका उपकप्तान ज्ञानेन्द्रसँग यसै सेरोफेरोमा *कान्तिपुर*का लागि **विनोद पाण्डे**ले गरेको कुराकानी :

नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पाउँदा टिममा लामो समय योगदान दिँदै आउनुभएका तपाईले यसलाई कसरी लिनुभएको छ ?

० मुख्य लक्ष्य कसरी टेस्ट मान्यता पाउने भन्ने थियो । त्यहाँसम्म पुग्ने वान-डे अन्तर्राष्ट्रिय मान्यता आधार हो । आफैले खेलिरहेको अवस्थामा नेपालको प्रतिनिधित्व गर्दै यो मान्यता पाउनु मेरा लागि गौरवको विषय पनि हो । जतिखेर हामी क्रिकेट खेल्थ्यौं त्यतिखेर यो किसिमको चहल-पहल नै थिएन । खेल्दै जाँदा ट्वान्टी-२० विश्वकप नै खेल्यौं । त्यस्तै वान-डे अन्तर्राष्ट्रिय मान्यता पनि अर्को चरणको सपना थियो । क्रिकेट खेल्दा यो सम्भव पनि थिएन र सोचेका पनि थिएनौं । विश्व क्रिकेट लिग डिभिजन ५ मा हुँदा यो सम्भावनै थिएन । आफ्नो सानोतिनो योगदानमा नेपाल यो स्थितिमा आइपुग्दा सन्तुष्ट लागेको छ ।

मैरै प्रदर्शनका कारण नेपाल विश्वकप छनोटको सुपर सिक्समा पुग्न सकेन जस्तो लाग्छ, यसमा म दुःखी छु ।

हिजोका दिनमा नेपालको ब्याटिङ पारस, शरद र तपाईमा मात्र भरपर्दै आउँदा कुनै दिन यहाँ पुगिन्छ भनेर सोच्नुभएको थियो ?

० हामी तीन जना मात्र चलेर यो स्थितिमा आएको भन्ने हुँदैन । हाम्रो क्रिकेट संस्कार अझै विकसित भइसकेको छैन । हामी अझै स्कोरकार्ड हेरेर मूल्यांकन गर्छौं । त्यसबाट बाहिर आउन जरूरी छ । टिममा सबैको आ-आफ्नो भूमिका हुन्छ । सामान्य उदाहरण के हो भने पारसले १ रन लिँदा नन स्ट्राइक एन्डमा रन नजोड्नेको पनि उत्तिकै भूमिका हुन्छ । ब्याट्सम्यानले जति रन बनाए पनि बलिङ र फिल्डिङले केही गर्न सकेन भने खेल जित्दा पनि जितिँदैन । हुनसक्छ हिजोका दिनमा हाम्रो योगदान बढी थियो, तर अरुलाई नकार्न मिल्दैन । हामीले बनाएको ४०-५० सय रन भन्दा उनीहरूले बनाएको १० रनको पनि त्योभन्दा बढी महत्त्व हुनसक्थ्यो ।



झलिट जोशी

वान-डे मान्यता पाउँदाको माहोल कस्तो थियो, सिनियर खेलाडी भएकाले त्यसलाई कसरी लिनुभयो ?

० वान-डे अन्तर्राष्ट्रिय मान्यता पाएको हो कि होइन भनेर ढुक्क हुनसकेका थिएनौं । यति मेहनत गरेर आइसक्यौं यो भन्दा तल झर्नु हुँदैन भन्ने थियो । एउटा खेल जित्यो भने वान-डे अन्तर्राष्ट्रिय दिए पनि नदिए पनि कम्तीमा हामी माथिल्लो स्तरमा पुग्थ्यौं । आयरल्यान्ड र अफगानिस्तान पनि टेस्ट राष्ट्र बनिसकेको अवस्थामा हामी एसोसिएटको शीर्ष चार राष्ट्रभित्र पर्थ्यौं । वान-डे अन्तर्राष्ट्रिय मान्यता अन्योल भए पनि अन्तरमहादेशीय कप र विश्व क्रिकेट लिग च्याम्पियनसिप खेल्ने निश्चित हुन्छ फेरि डिभिजन २ फर्कनुपर्दैन भनेर बसेका थियौं । हामीले पपुवा न्युगिनीलाई हराइसकेको र नेदरल्यान्ड्सले हङकङसँग विजय हात पारिसकेको थियो । हामी टीभीमा वेस्ट इन्डिज र अफगानिस्तानको खेल प्रत्यक्ष हेरिरहँदा कमेन्टेटरले बीच-बीचमा नेदरल्यान्ड्सले जितेपछि नेपालले वान-डे अन्तर्राष्ट्रिय मान्यता पायो भनेपछि मात्र हामी ढुक्क भयौं । पछि आईसीसीबाट यससम्बन्धी समाचार आयो । हाम्रो लक्ष्य नै भएकाले भाइबर ग्रुप 'मिसन ओडीआई स्ट्याटस' भनेर बनाएका थियौं । त्यसलाई ओडीआई स्ट्याटस बनाएर वान-डे अन्तर्राष्ट्रिय मान्यताको खुसी मनायौं । नयाँ खेलाडीको भविष्य देखेर खुसी लाग्यो । युवा खेलाडी भएकाले उनीहरू अझ जोसिला थिए, यसले छुट्टै सन्तुष्टि दिएको थियो । क्रिकेट अब नयाँ आउने पिँढीले पनि खेल्न पाउने भयो । त्यो पनि माथिल्लो स्तरमा भन्दा खुसी पनि थियो । मनमा चिसो पनि पस्यो । पाउन त पायो क्रिकेट संघ नै निलम्बनमा छ, ट्वान्टी-२० अन्तर्राष्ट्रिय पनि पाएको थियो तर त्यसको खासै प्रयोग गर्न सकेका थिएनौं । अब के हुन्छ भनेर मनमा बिझिरहेको थियो ।

नेपालको वान-डे अन्तर्राष्ट्रिय मान्यतामा तपाईले कस्तो किसिमको योगदान गर्न सक्नुहुन्छ भन्ने लागेको छ ?

० मैले दिने योगदान भनेको जहिले पनि देशका लागि केही गर्ने हो । त्यो भनेको आफूले भ्याए र शरीरले साथ दिएसम्म हो । योगदान भनेको खाली रन बनाउनमात्र होइन । मैले मैदानमा खेल्दा मात्र हुन्छ भन्ने पनि होइन । मैदानबाहिर पनि मैले क्रिकेटलाई कसरी एउटा एम्बासडरको रूपमा अगाडि लैजान सक्छु, क्रिकेटलाई कसरी संस्थागत गर्न सक्छु त्यो भूमिका बढी हुन्छ । क्रिकेट एउटा स्तरमा पुगिसकेको छ यसलाई निरन्तरता दिन खेलाडीको मात्र नभएर, प्रशंसक, एम्बासडर भएर मैदानभित्र र बाहिर अझै धेरै योगदान मैले गर्नुपर्छ जस्तो लाग्छ ।

नेपाल क्रिकेट संघ निलम्बनको अवस्थामा यो उपलब्धि जोगाउन त गाह्रो होला नि ?

० मेरो विचारमा संघ हुँदा र नहुँदाको फरक भनेको समन्वय गर्न गाह्रो र विकासको कुरामा असर परेको हो । संघ निलम्बन हुँदा हामी खेलिरहेका छौं । तर यसमा अलिकति असर परेको त छ । त्यसको मतलब वान-डे अन्तर्राष्ट्रिय मान्यता जोगाइराख्न संघ नै चाहिन्छ भन्ने होइन । क्रिकेटमा जो-जो सरोकारवाला हुनुहुन्छ उहाँले आफ्नो सानो दायित्व लिनुभयो भने पनि यो मान्यतासँगै नेपाली क्रिकेट अगाडि बढ्न सक्छ । संघ भनेको क्रिकेटको सर्वोच्च निकाय हो त्यो नहुँदा काम गर्न केही अप्ठ्यारो त पर्छ नै ।

नेपालको पहिलो वान-डे अन्तर्राष्ट्रिय मान्यता खेल को सँग होस् जस्तो लागेको छ ?

० जो सँग खेले पनि आफूले खेल्न पाउनु ठूलो हो । त्यो नै आफ्नो खेलजीवनको हाइलाइट्स हुनेछ । भारतसँग खेल्न पाए म सबैभन्दा खुसी हुनेछु । पहिलेदेखि क्रिकेट हेरेको भनेको भारतकै हो । सचिन तेन्दुलकरबाट प्रभावित हुने भइहालियो । केही तीतो अनुभवहरू पनि छ । भारतमा खेल्न जाँदा नेपालमा पनि क्रिकेट खेल्छ र भन्ने प्रश्न गर्थे । भारतसँग वान-डे अन्तर्राष्ट्रिय खेल्न भारतमै गइयो भने अब जवाफ दिइरहनुपर्दैन ।

नेपाली टोलीमा आरिफ शेख, सन्दीप लामिछाने, रोहित पौडेल, ललितनारायण राजवंशी जस्ता युवा खेलाडीको भूमिकालाई कसरी लिनुहुन्छ ?

० क्रिकेटमा जोस र खेलप्रतिको लगाव कति छ भन्ने पनि महत्त्वपूर्ण हुन्छ । त्यो जोसलाई सही ढंगले प्रयोग गर्न सक्यो भने नतिजा राम्रो आउँछ । डेढ वर्ष जस्तो अगाडि पनि मैले सोपमाल कामी, करण केसीलाई हेर्दा त्यस्तो अनुभव गरेको थिइनँ, तर उनीहरू अहिले सही बाटोमा देखिएका छन् । अहिले आउँदा भनेको कुराहरू बुझ्ने गरेजस्तो देखिन्छ । योजनाहरू बुझ्छन्, क्रिकेट ज्ञान बढाउँदै गएका छन् । रोहित र सन्दीप त अझै नयाँ नै छन् । उनीहरूको बुझाइ अझै तेज देखिन्छ । अर्को एक-डेढ वर्ष यही स्तरमा उनीहरूले खेलिरहेमा हाम्रो क्रिकेट सही दिशामा गइरहेको छ भनेर भन्नुपर्छ । प्रतिभा भएकै हिसाबले उनीहरूले त्यो अनुरुपको प्रदर्शन दिइरहेका छन् । एक्सपोजर कम भएकाले अझ पनि उनीहरूको खेल खुल्न पाएको छैन ।

धेरै जिम्मेवारी लिँदा खेलमा कत्तिको असर पर्छ ?

० पहिला पनि एउटा ब्याट्सम्यान, उपकप्तानको जिम्मेवारी लिएर खेलेकै हुँ । डिभिजन २ मा मेरो प्रदर्शन राम्रो भइरहेको थिएन । दिमागमा मैले राम्रो गर्नुपर्छ भनेर खेलिरहेको थियो । राम्रो स्कोर बनाउन नसके पनि अर्को एन्डबाट टिमलाई सहयोग गर्नुपर्छ भन्ने थियो । सुरुआत पनि राम्रै भएको थियो नभएको होइन । जिम्बावेसँग खेल्दा मेरो भूमिका पनि त्यही थियो एउटा एन्ड सम्हालेर खेल्नुपर्ने । ३२ रन बनाए पनि लय नभेटिरहेको जस्तो अनुभव भएको थियो । त्यसमा विश्वकप छनोटजस्तो प्रतियोगितामा टिमले हार्दा र आफ्नै ब्याटिङ नचलेर हार्दा अलिकति मानसिक तनाव भयो । त्यो दबाब भयो भन्दैमा राम्रो प्रदर्शन गर्न नसकेको भने होइन । विश्वकप छनोट भएकाले अलिकति छुट्टै दबाब थियो । आफूले प्रदर्शन गर्न नसकेकै कारण टिमले हार्दा नरमाइलो लाग्यो ।

जिम्बावेसँगको त्यो इनिङ्सपछि त दबाब अलिक कम हुनुपर्ने होइन ?

० टिम योजनाअनुसार मैले कम्तीमा १०-१२ ओभर टिकेर खेल्नुपर्ने थियो । कति बल खेल्यो भन्ने महत्त्वपूर्ण हुँदैन्थ्यो । मैले त्यहीअनुसार खेले पनि लय भेटाउन सकिनँ । स्कटल्यान्डसँग हाम्रो ब्याटिङ पतन नै भयो । मैले आफ्नो कमजोरी लुकाउन खोजेको त होइन, तर म त्यो खेलमा इनसाइड एज लागेर एलबीडब्लू आउट हुनपुगे । जिम्बावे र अफगानिस्तानलाई टक्कर दिने तथा स्कटल्यान्ड र हङकङलाई जितेर सुपर सिक्समा पुग्ने टिमको लक्ष्य थियो । तर पहिलो दुई खेल हारेपछि मनोबल झरेजस्तो भयो ।

इभेन्ट म्यानेजमेन्टतिर बढी ध्यान गएर तपाईको प्रदर्शन खस्केको भन्ने पनि छन् नि ?

० मैदानभित्र हुँदा पक्कै पनि मैले इभेन्ट सोचिरहेको हुन्न । मेरो जिम्मेवारी खेल्दा कसरी क्रिकेट राम्रो खेल्ने र मैदानबाहिर क्रिकेटलाई कसरी राम्रो गर्ने भन्ने हो । सबैको आ-आफ्नो बुझाइ र हेर्ने तरिका हुन्छ । मेरो सानो प्रयासले क्रिकेट भइरहेको छ, अगाडि बढ्छ भने किन नगर्ने । त्यसमा म खेलेको होस् वा नखेलेको होस् । विराट कोहली, महेन्द्रसिंह धोनीले खेल्दा खेल्दै फुटबलमा लगानी गरेका छन् । त्यसको मतलब उनीहरू पूरा व्यापारमै लागेको भन्ने होइन नि । नराम्रो चलिरहँदा मेरोबारेमा यस्तो आएको होला । तर मलाई त्यसले मेरो प्रदर्शन बिगारेको जस्तो लाग्दैन ।

तपाईको ढाड मुभमेन्ट भएन, निहुरिन सक्नुभएन भनेर विदशी मिडियामा आइरहेको छ, के हो कुरा । कतै तपाई चोट लिएरै खेल्नुभएको त होइन ?

० मेरो ढाडमा त्यस्तो केही समस्या छैन । खुट्टामा अलिकति सानो समस्या थियो, खेल्नै नसक्ने भने होइन । कसरी त्यस्तो आयो मलाई थाहा छैन । पूर्ण फिट भएरै खेलेको हुँ ।

तपाईको ब्याटिङमा पूरा टिमले भरोसा लिएको हुन्छ । पारस खड्का र मध्यक्रम चलेको अवस्थामा तपाईको ब्याटिङ अलिकति चलेको भए नेपाल सुपर सिक्समा पुग्न सक्थ्यो होला जस्तो लागेन ?

० एकदम लागेको थियो । स्कटल्यान्डसँगको खेलमा २ सय २० रनभन्दा माथि बनाएर स्पिनरले दबाब दिने भन्ने थियो । तर ब्याटिङ नै क्लिक हुन सकेन । १०-१२ ओभर म टिकेको भए पनि अरु ब्याट्सम्यानलाई कम दबाब पर्थ्यो । मैरै कारणले त्यो हुन नसकेको हो, त्यसको जिम्मेवारी म आफै पनि लिन्छु ।

यसले आरिफ र रोहितजस्ता युवा ब्याट्सम्यानलाई कस्तो दबाब पार्थ्यो ?

० दबाब त परिहाल्थ्यो । मैले उनीहरूलाई सबैभन्दा ठूलो अवसर तिमीहरूलाई छ तर तिमीहरू उल्टो सोचिरहेका हुन्छौ त्यस्तो सोच्नुहुँदैन भनेर भन्थें । युवा खेलाडी छौं हारेर गुमाउनु केही छैनौं भन्थें । पुराना खेलाडीलाई दबाब भए पनि तिमीहरूलाई अवसर हो भनेर सम्झाउने गर्थें । १० रन हाने पनि त्यो भन्दा बढी रन हाने पनि त्यसले भोलिको दिनमा आत्मविश्वास दिलाउने हो भनेर भन्थें । राष्ट्रको प्रतिनिधित्व गरिसकेपछि जुनियर खेलाडीले पनि खेल जिताउन सक्छन् नि ।

तपाईको ब्याटिङ नचल्दा टिमले कतिको हौसला दिन्थ्यो ? प्रशिक्षक, कप्तान, ब्याटिङ परामर्शदाताले के भन्थे ?

० टिमले कहिले पनि आउट अफ फर्म भयो खेल्न सकेनौं भनेर भनेन । मलाई स्पेस दिइरहेको थियो । कहिलेकाहिँ खराब फर्म हुन्छ भनेर भन्थो । ब्याटिङ परामर्शदाता उमेश पटुवालसँग मैले विगतमा प्रशिक्षण लिएको थिएँ । खेल्ने शैलीमा केही फरक छैन, खाली अहिले रन नलागेको मात्र हो । आत्मविश्वास देखिरहेको मात्र छैन । खेल्ने शटहरू ब्लक भएको हुनसक्छ । धेरै सोचेर हुनसक्छ । रन नहान्दा मनमा धेरै कुरा आउन सक्छ, त्यसमा ध्यान दिनु हुँदैन भन्नुहुन्थ्यो ।

भन्नाले तपाईलाई ओपनिङमा खेल्न गाह्रो भएको हो ?

० यो मलाई लाग्दैन । धेरैले मलाई किन ओपनिङमा ब्याटिङ गरेको फस्ट डन वा मध्यक्रममै ठीक थियो भनेर सुझाव दिन्छन् । अहिले मैले टिमले दिएको जिम्मेवारी पूरा गर्न नसकेको हो । २ वर्षदेखि ओपनिङ गरिरहेको थिएँ । त्यति बेला सबै ठीक थियो किन ओपनिङ गरेको भनेर कसैले भनेनन् । खेल्न नसक्दा धेरै प्रश्न आउँछन्, यसले खुसी पनि बनायो किनभने मलाई लिएर ध्यानाकर्षण हुँदोरहेछ । म अझै पनि ओपनरकै भूमिका प्रमाणित गर्न चाहन्छु ।





काठमाण्डौ महानगरपालिका
नगर कार्यपालिका
राजश्व विभाग

व्यवसाय कर तिर्ने बुझाउने सम्बन्धमा अत्यन्त जरूरी सूचना !

काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरि स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा वा यस्तै प्रकारका कारोवार गर्ने व्यक्ति वा संस्थाले व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान र लगानीका आधारमा वार्षिक व्यवसाय कर भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था रहेको अवगतै होला । यस आर्थिक वर्षमा व्यवसायीहरुको सुविधालाई ध्यानमा राखी मिति २०७४/१२/०१ गते देखि काठमाडौं महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि ३२ वडाहरुमा स्थलगत रुपमा व्यवसाय कर टोली परिचालन भई सकेको छ । खटि आउने करटोलीले व्यवसाय स्थलमानै काठमाडौं महानगरपालिकालाई तिर्न बुझाउन पर्ने कर तिर्न अनुरोध गर्ने, कर आदेश जारी गर्ने, भर्पाई गरि राजश्व बुझिलिने अख्तियारी समेत दिईएको हुँदा टोली समक्ष आफ्नो विवरण पेश गरि व्यवसाय दर्ता तथा नविकरण गर्न हुन सम्बन्धीत सबैको जानकारीको लागि अनुरोध छ ।

"कर तिरौं सम्मानित बनौं,
सेवा प्राप्त गर्न हक सिर्जना गरौं"

कोटेश्वर बहुमुखी क्याम्पस
(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

सूचना ! सूचना !! सूचना !!!

यस कोटेश्वर बहुमुखी क्याम्पसका सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूको भेला आयोजना गरी भूतपूर्व विद्यार्थी संघ (Alumni Association) गठन निम्न मिति, समय र स्थानमा हुन गइरहेकाले सम्पूर्ण भूतपूर्व विद्यार्थीहरूलाई उपस्थितिका लागि अनुरोध गरिन्छ ।

मिति : २०७४/१२/१० गते शनिबार ।
समय : बिहान ११:०० बजे ।
स्थान : कोटेश्वर बहुमुखी क्याम्पस ।

नोट: यो सूचना जसले हेरे पनि साथीहरूलाई जानकारी गराइदिनुभई सूचना सम्प्रेषणमा सहयोग गरिदिनुहोला र ३ दिनभित्रमा नाम टिपाइदिनु होला ।

- MBS भर्नाका लागि CMAT उत्तीर्ण विद्यार्थीहरूलाई यथाशीघ्र भर्ना भई दिनुहुन सूचित गरिन्छ । (सीमित सिट बाँकी)
- MBS प्रथम सेमेष्टरको कक्षा शुरू मितिः २०७४/१२/१२ गते सोमबार

सम्पर्क: ०१-४१५५१४५, ४१५५२६६, ९८५१०६७७७५

क्याम्पस प्रमुख

USA
5 YEARS MULTIPLE VISA
Conditions Apply
NO SPONSORSHIP REQUIRED
EASY DOCUMENTTATION/QUICK PROCESS
TheVideshyatra.com
Nepal's no-1 Business and travel management Service Brand
City Center: 01- 4011812/11, 9851081645 ,9802010249
We Assist and support Visa as Part Of Available program

TRAINING ON APPLIED ACCOUNTING
Including TAX,VAT & TDS
[Manual+Computerized]
Advanced EXCEL for Professionals
100% PLACEMENT ASSISTANCE
NIMe Pvt. Ltd.
Putalisadak (New Plaza)
T:4429329, 4429330
Cell: 9841388125

PhD Opportunity
Opportunity to study from globally recognized and UGC approved, renowned and top ranking Universities in India, Malaysia and UK.
Admission Open for March 2018 intake is going on for all subjects/ faculties.
PhD Centre
Koteshwor, Kathmandu
9841250385, 9860041678



Standard Chartered

समृद्ध जीवनको सुरुवात बचतका साथ ।

तपाईको मासिक किस्ताको भार कम गराउने विशेष आवास कर्जा योजना हामीले ल्याएका छौं ।

तपाईको अन्यत्र रहेको घर कर्जालाई हाम्रो विशेष घर कर्जा योजना अन्तर्गत पूर्णकर्जा लिई उल्लेख्य बचत गर्ने अवसरको फाईदा लिनुहोस् ।

बिशेषताहरुः
- ८.८८ %** वार्षिक व्याजदर (आधार दर + ३.०८ % प्रिमियम)
- सेवा शुल्क १.२५ % मात्र
- निःशुल्क धितो मुल्यांकन
- निःशुल्क कर्जा सूचना शुल्क
- निःशुल्क क्रेडिट कार्ड (जारी / पहिलो वर्षको शुल्क)
- निःशुल्क अनलाइन बैकिङ्ग सेवा (२ वर्षको लागि)

** कर्जा दर बैंकको आधार दर बमोजिम परिवर्तन हुने छ ।

थप जानकारीको लागि "MSO" टाइप गरी 98510-81000 मा SMS पठाउनुहोस् वा आफ्नो नजिकैको शाखामा सम्पर्क गर्नुहोला ।

यो योजना सीमित अवधीको लागि मात्र लागु हुने छ ।

यो विशेष योजनाका बारेमा आफन्त तथा साथीभाईलाई पनि जानकारी गराउनुहोस् ।

sc.com/np

Here for good

*शर्तहरु लागु हुनेछन् ।

YTBWA-SCB-03032018-18

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रवन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : सुधीर शर्मा